## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## लालझाडी गाउँपालिका

### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## लालझाडी गाउँपालिका
### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## लालझाडी गाउँपालिका

कञ्चनपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
लालझाडी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कञ्चनपुर।

**कैफियत सहितको राय**

हामीले लालझाडी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ७६ लाख ५४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१० लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ८ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु. ५२ लाख २९ हजार र पेश्की रु. ५ लाल ४३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ७ करोड ३२ लाख ४९ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ९ लाख ३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## लालझाडी गाउँपालिका,कञ्चनपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ९३ | ७६ | ३७६५४ | ० | ० | ० | ९३ | ७६ | ३७६५४ | १०११ | ५२२९ | ३०८७१ | ० | ० | ३६१०० | ५४३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तहको नाम र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लालझाडी गाउँपालिका,कञ्चनपुर | ७३२४९ | ० | ० | ७३२४९ | ० | ३७६५४ | ११०९०३ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : लालझाडी गाउँपालिका, कंचनपुर , लालझाडी गाउँपालिका , कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेन्द्र सिंह रावल | २०७७-७-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | वसन्त बहादुर धानुक | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३७,६५४,३२२.३९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,८१,६१,५३३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,८१,५४,०५३ | **चालु खर्च** | १८,८१,९५,९४१.९७ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६७,७१,३०८ | **पूँजीगत खर्च** | १९,४९,६५,४९३ |
| **राजश्व बाँडफाँट** | ७,४९,०३,८८५.०३ | **वित्तीय/अन्य व्यवस्था** | १०,४५,६०,१८४ |
| **आन्तरिक आय** | १,६२,०५,८८१.८ | | |
| **अन्य आय** | ८,३४,३०,६२३.३८ | | |
| **कुल आय** | ४८,९४,६५,७५१.२१ | **कुल खर्च** | ४८,७७,२१,६१८.९७ |
| **बाँकी मौज्दात** | | ६,९९,०५,६६५.२४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यसलालझाडी गाँउपालिकामा ६ वडा, १५४.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा २२५६९जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**- यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् - | |
| ३ | | | **स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ। | |

| **आय तर्फ** | | | | **व्यय तर्फ** | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **विविरण** | **आय** | **जम्मा रकम** | **क्र.सं.** | **विवरण** | **व्यय** | **जम्मा रकम** |
| **१** | **गत वर्षको जिम्मेवारी** | | **५,६७,४३,६३५।७७** | **१** | **चालु खर्च** | | **१८,८१,९५,९४१।९७** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बैंक मौजदात | ५,६७,४३,६३५।७७ | | २ | **पूजिगत खर्च** | | **१९,४९,६५,४९३** |
| २ | **राजश्व आम्दानी** | | ९,११,०९,७६६।८३ | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | ०.०० |
| | आन्तरिक राजश्व | १,६२,०५,८८१।८० | | ४ | **लगानी** | | ०.०० |
| | राजश्व बाँडफाँड | ७,४९,०३,८८५।०३ | | **५** | **बिबिध खर्च खाताबाट व्यय** | | **१,७२,९४,४५४** |
| | अन्य | ०.०० | | | जिल्ला समन्वय समिति पुर्बाधार बिकास कार्यक्रम | ०.०० | |
| ३ | **संघीय सरकारबाट प्राप्त अनुदान** | | **२८,८१,५४,०५३** | | बिमा तथा नविकरण खर्च Insurance | ५,२६,५०० | |
| | समानिकरण अनुदान | ९,९१,००,००० | | | समावेशी विकास कार्यक्रम NLR/NNSWA | ७,००,००० | |
| | सशर्त अनुदान | १७,४७,४०,००० | | | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम PLGSP | ३,८८,००० | |
| | समपुरक अनुदान | ६२,६५,३८० | | | सडक बोर्ड नेपाल Road Boards | १६,००,००० | |
| | विशेष अनुदान | ८०,४८,६७३ | | | युनिसेफ UNICEF | ८,२६,३०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **२,६७,७१,३०८** | | जिल्ला प्रशासन कार्यालय कञ्चनपुर | १,२०,५८,२३६ | |
| | समानिकरण अनुदान | ६८,२९,००० | | | कृषि ज्ञान केन्द्र, कञ्चनपुर | १०,९५,४२३ | |
| | सशर्त अनुदान | १,३७,१९,००० | | | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ९९,९९५ | |
| | समपुरक अनुदान | १८,१२,२७९ | | ६ | **जिल्ला प्रशासन कार्यालय कञ्चनपुरलाई फिर्ता** | | **४२,११४।३८** |
| | विशेष अनुदान | ४४,११,०२९ | | ७ | **कृषि ज्ञान केन्द्र, कञ्चनपुर फिर्ता** | | **७,२२७** |
| ५ | **बिबिध खर्च खातामा आम्दानी** | | **१,९३,६४,३१३।२९** | ८ | **बिबिध खर्च खाताको बैंक मौज्दात** | | **२०,२०,५१७।९१** |
| | जिल्ला समन्वय समिति पुर्वाधार विकास कार्यक्रम | २०,००,९६२।९१ | | | जिल्ला समन्वय समिति पुर्वाधार विकास कार्यक्रम | २०,००,९६२।९१ | |
| | बिमा तथा नविकरण | ५,२६,५०० | | | युनिसेफ Unicef | ८,७०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खर्च Insurance | | | | | | |
| | समावेशी विकास कार्यक्रम NLR/NNSWA | ७,००,००० | | | सडक बोर्ड नेपाल | १०,८५५ | |
| | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम PLGSP | ३,८८,००० | | ९ | **विविध कोष खाताबाट व्यय** | | ०.०० |
| | सडक बोर्ड नेपाल Road Boards | १६,१०,८५५ | | | कर्मचारी कल्याण कोष | ०.०० | |
| | युनिसेफ UNICEF | ८,३५,००० | | | उद्यम विकास कोष | ०.०० | |
| | जिल्ला प्रशासन कार्यालय कञ्चनपुर | १,२१,००,३५०।३८ | | | अनाथ तथा टुहुरा सामाजिक सुरक्षा कोष | ०.०० | |
| | कृषि ज्ञान केन्द्र, कञ्चनपुर | ११,०२,६५०।०० | | | लैङ्गिक हिंसा निवारण कोष | ०.०० | |
| | भेटनरी अस्पताल | ९९,९९५ | | १० | **विविध कोष खातामा मौज्दात** | | १८,५०,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा पशु सेवा विज्ञ केन्द्र | | | | | | |
| ६ | **विविध कोष खातामा आम्दानी** | | **१८,५०,०००** | | कर्मचारी कल्याण कोष | १७,००,००० | |
| | कर्मचारी कल्याण कोष अ.ल्या. | १२,००,००० | | | उद्यम विकास कोष | ०.०० | |
| | कर्मचारी कल्याण कोष | ५,००,००० | | | अनाथ तथा टुहुरा सामाजिक सुरक्षा कोष | ०.०० | |
| | उद्यम विकास कोष | ०.०० | | | लैङ्गिक हिंसा निवारण कोष | १,५०,००० | |
| | अनाथ तथा टुहुरा सामाजिक सुरक्षा कोष | ०.०० | | **११** | **विभाज्य कोष खातामा मौज्दात** | | **१२,२७,६२०** |
| | लैङ्गिक हिंसा निवारण कोष अ.ल्या. | ५०,००० | | **१२** | **प्रकोप व्यवस्थापन कोष** | | **२४,८७३।३२** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लैङ्गिक हिंसा निवारण कोष | १,००,००० | | १३ | **धरौटी खाता** | | **३३,९५,११९** |
| ७ | **प्रकोप व्यवस्थापन कोष** | | **२४,८७३।३२** | | धरौटी फिर्ता | ३२,२५,५८१ | |
| | गत वर्षको आम्दानी | २४,८७३।३२ | | | धरौटी सदरस्याहा | १,६९,५३८ | |
| ८ | **धरौटी खाता** | | **१,००,५७,९७२** | १४ | **धरौटी खातामा मौज्दात** | | **६६,६२,८५३** |
| | गत वर्षको धरौटी अ.ल्या | ६३,८७,९४१ | | १५ | **अन्तरसरकारी अख्तियारी** | | **६,२३,२३,७४२** |
| | यस वर्षको धरौटी आम्दानी | ३६,७०,०३१ | | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १,२१,००,८९९ | |
| ९ | **प्रदेशलाई पठाउनुपर्ने रोयल्टी अ.ल्या.** | | **१२,२७,६२०** | | गरिब संग बिशेश्वर कार्यक्रम | ४,६१,४४० | |
| | **अन्तरसरकारी अख्तियारी** | ६,२३,२३,७४२ | ६,२३,२३,७४२ | | सामाजिक सुरक्षा भत्ता | ४,९७,६१,४०३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १,२१,००,८९९ | | १६ | **शसर्त अनुदान फिर्ता** | | **२,१४,७२,६५४।३०** |
| | गरिब संग बिशेश्वर कार्यक्रम | ४,६१,४४० | | | संघीय सशर्त/समपुरक/बिषेश अनुदान फिर्ता | १,९०,५३,४२९।३० | |
| १० | सामाजिक सुरक्षा भत्ता | ४,९७,६१,४०३ | | | प्रदेश सशर्त/समपुरक/बिशेष अनुदान फिर्ता | २४,१९,२२५ | |
| | | | | १७ | **बैंक मौज्दात** | | **५,८१,४४,६७४।३३** |
| | | | | | संचित कोष | ५,८१,४४,६७४।३३ | |
| | **जम्मा** | | **५५,७६,२७,२८४।२१** | | | | **५५,७६,२७,२८४।२१** |

४ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४९,७६,१४०३।,गरिब सँग विशेश्वर कार्यक्रमको रु.४,६१,४४०।र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमक रु.१,२१,००,८९९।समेत गरी रु.६,२३,२३,७४२। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **फरक हिसाब —**

<table>
<tr><td></td><td></td><td></td><td>
यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २५,४४,९१७।०९ ,यस वर्षको प्राप्ति रु. ६,५७,८०,४७६।३,यस वर्षको भुक्तानी रु. ८,०८,२६,५७८।६२र बैङ्क मौज्दात रु. १,६३,९१,०१९।४१फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th><th></th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२)</td><td>७०७०६४५०.०९</td><td>४२३६८५२७४.९१</td><td>४०६८९५०४०.३५</td><td>८६२९६६८४.६५</td><td></td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>६८१६१५३३</td><td>४८९४६५७५१.२१</td><td>४८७७२१६१८.९७</td><td>६९९०५६६५।२४</td><td></td></tr>
<tr><td>फरक</td><td>२५४४९१७।०९</td><td>६५७८०४७६।३</td><td>८०८२६५७८।६२</td><td>१६३९१०१९।४१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६,६४,०७,४१३।मौज्दात रहेकोमा यो वर्ष रु.७,०७,०६,४५०।०९जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४२,९९,०३७।०९ वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
बैङ्क हिसाब विवरण -
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ ।
<table>
<tr><th>खाता</th><th>स्रेस्ताअनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>६५९७५५७४.३</td><td>११६२८९३४९</td><td>५८१४४६७४।३३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| चालु खर्च खाता | ० | ० | |
| पुँजीगत खर्च खाता | ० | ० | |
| विविध खर्च खाता | १९५५५ | १९५५५ | ० |
| विपद व्यवस्थापन खाता | २४८७३.३२ | २४८७३.३२ | ० |
| स्थानीय विभाज्य कोष खाता | ९०५८५२० | २४५५२४० | (६६०३२८०) |
| स्थानीय तह विविध कोष खाता | ४५५५३०९ | ६२०५३०९ | १६५०००० |
| धरौटी | ६६६२८५३ | ६६६२८५३ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| जम्मा | ८६२९६६८४।६५ | १३१६५७१७८।९८ | ४५३६०४९४।३३ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

८

**आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन,जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन । यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छनः

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

| | | | | |
|---|---|---|---|---|
| | | | ·बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रणसम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएका म ले प फा नं मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन,<br>·पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>·अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>·विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन,<br>·पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>·वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>·जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>·मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन,<br>·कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>·कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>·स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>·अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन,<br>·ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>·सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन, | |

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ,
· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,
· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,
· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
· प्रचलित कानुन अनुसार लेखा समित गठन नगरेको, गठन गरे पनि म ले प प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन,
· प्रदेश लोक सेवा आयोगको परामर्श लिएर कर्मचारीको स्तर बृद्धि गरेको पाइएन,
· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन,
· सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,
· सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका,२०७३ को दफा २५ मा सूचनाको मागसो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन,
· वातावरण संरक्षण ऐन,२०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण,१०० मिटर सम्मको पुल,लिफ्ट सिँचाइ,सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेकोपाइएन,
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन,
· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (**PAMS**) पुर्ण रुपमा लागु गर्नु पर्नेमा नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गरेको पाइएन,
· पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन ,
· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन,
· सार्वजनिक खरिद नियमावली२०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरीअभिलेख राखुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,

| | | | | |
|---|---|---|---|---|
| | | | ·स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ,<br>·स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,<br>·राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन।<br>·स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिकवार्षिकरणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>·स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन,<br>·दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन,<br>·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाइएन,<br>·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमनमुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन,<br>·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन,<br>·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन,<br>·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन ,<br>·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएकोपाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | ·स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन,<br>·यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन,<br>तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभाबकारी बनाउनु पर्दछ । | |
| ९ | | | **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७८/३/१० मा रु.४७ करोड ५० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८/३/२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८/४/३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानुन वमोजिम समयमै अख्तियारी दिनु पर्दछ । | |
| १० | | | **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ११ | | | **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ । | |

१२

**योजनाको प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार कुल ९६ योजनामा वजेट विनियोजन गरेको छ।

| **क. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.१० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | योजना छनौट | ९६ | ४ | १२ | ८० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१३

**चौमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । (रु. हजारमा)

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेस्रो** | **आषाढ महिना** |

| | | | | | |
|---|---|---|---|---|---|
| चालु खर्चतर्फ | १८८१९६ | ४७५३० | ४११५३ | ९९५१३ | ४१९०६ |
| पूँजिगत खर्च तर्फ | १९४९६५ | २३६८६ | ३८४४२ | १३२८३८ | ८११६३ |
| जम्मा | ३८३१६८ | ७१२१६ | ७९५९५ | २३२३५१ | १२३०६९ |
| प्रतिशत | १००% | १८.५९% | २०.७७% | ६०.६४% | ३२.१२% |
| | | | | | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३८,३१,६८,०००। निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७१,२१६। अर्थात १८.५९ प्रतिशत, दोश्रो चौमासिकमा रु.७९,५९५।अर्थात २०.७७प्रतिशत, तेश्रो चौमासिकमा रु.२,३२,३५१।अर्थात ६०.६४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१२,३०,६९,०००। अर्थात ३२.१२प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१४

**क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।(रु. हजारमा)

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **जम्मा खर्चको तुलनामा खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,२७,८६,०००। | २,००,९८,५९६। | ५.२५ |
| २ | पूर्वाधार विकास | १५,३९,६९,५६९। | ९,२०,७८,७३६। | २४.०३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | १८,९५,४४,६५२। | १५,५८,२४,९७३।९० | ४०.६६ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,४८,८४,०००। | १,०८,३२,३६८। | २.८३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२,९७,१०,९३९। | १०,४३,२६,७६१।०७ | २७.२३ |
| **जम्मा** | | ५१,०८,९५,१६०। | ३८,३१,६१,४३४।९७ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४०.६६ प्रतिशत र बातावरण तथा विकास तर्फ वजेट नै विनियोजन गरेको पाईएन ।वजेट विनियोजन गर्दा सवै क्षेत्र समेट्ने गरी गर्नु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.१६,२०५,८८१।८०राजस्व बाँडफाँड र अनुदानबाट रु.३६,६९,५५,५५३.१७।समेत रु.३८३१६१४३४।९७ आम्दानी भएकोमा चालु तर्फ रु.१८,८१,९५,९४१।र पूँजिगत तर्फ रु.१९,४९,६५,४९३।समेत रु.३८,३१,६१,४३४।९७खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ४.२३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५९,४१,५००।खर्च भएको छ । जुन आन्तरिक आय रु.१६,२०५,८८१।८०को ३६.३६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९.११ प्रतिशत चालु र ५०.९० प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १६ | | | **लक्ष्य प्रगति -** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १७ | | | **आर्थिक सहायता -** | |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२,०००। देखि रु.१०,०००। सम्म गरी कुल रु.३००,०००।आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १६,२०५,८८१।८० को १.८५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>विविध तथा सभा संञ्चालन खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु.१४,७०,०००।र गाँउशभा संचालन खर्च रु.१,६४,०००।गरी जम्मा रु.१६,३४,०००। खर्च गरेको छ।उक्त खर्च पालिकाको आन्तरिक आय रु. १६,२०५,८८१।८० को १०.०८ प्रतिशत हुन आउछ ।यस्ता खर्च नियन्त्रण गर्दै जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>जिन्सी निरिक्षण प्रतिवेदन - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले जिन्सी निरिक्षण गरेको छैन। यसले गर्दा मर्मत गर्नुपर्ने, लिलाम विक्री गर्नुपर्ने र सम्रग जिन्सी व्यवस्थापनको अवस्था वारे यकिन गर्न सकिएन। तसर्थ पालिकाले समयमै जिन्सी निरिक्षण गरि प्रतिवेदन पेश गर्ने र त्यसमा देखिएका सुधार गर्नुपर्ने व्यहोरा समयमै सुधारका लागि आबश्यक व्यबस्था गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति -<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २० वटा ऐन, ४ वटा नियमावली र २९ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>९३४</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१८२</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>११३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>विवाह दर्ता</td><td>२४३</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>४</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>२.४ कि .मि</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>८.६६ कि.मि</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०.७ कि.मि</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।
</td>
<td></td>
</tr>
<tr>
<td>२१</td>
<td></td>
<td></td>
<td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, सव- इन्जीनियर, प्राविधिक सहायक सहित ७ पदहरु रिक्त रहेका छन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२२</td>
<td></td>
<td></td>
<td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।तर पालिकाले विभिन्न ५८ जना कर्मचारीहरु करारमा राखि रु.१,१३,६२,४८७। खर्च लेखेको छ । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२३</td>
<td></td>
<td></td>
<td>तलवी प्रतिवेदन -</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगरि स्वास्थ्य तर्फ रू. १,२२,२१,४५३। र पालिका तर्फ रू. १,२१,६७,६६५।४४ गरी जम्मा रू. २,४३,८९,११८।४४ खर्च लेखेको देखियो। तलवी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन। तलवी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नु पर्दछ। | |
| २४ | | | **नक्सा पास -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व- २०७८।७९ आफ्नो क्षेत्रिभत्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म नक्सापास गर्ने कार्य सुरुवात गरेको छैन । ऐनले व्यवस्था गरेअनुसार नक्सापासलाई अनिवार्य वनाई सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ । | |
| २५ | | | **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ४ वटा नियमावली, २९ कार्यविधि लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| २६ | | | **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप भएको गरी कुल ५विवाद दर्ता भएकोमा ३ वटा मात्र फट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २७ | | | **बार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१९,४९,६५,४९३। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २८ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण-** सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजिनक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन ।सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानु पर्दछ । | |

<table>
<tr><td>२९</td><td></td><td></td><td>स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट - यस पालिकाको उक्त प्रतिबेदन अनुसार कुल १०० अंकमा ८५.५ अंक प्रास गरेको उल्लेख छ । उक्त मुल्याँङ्कनलाई यस पालिकाको समग्र मुल्याँङ्कन राम्रै मान्ने अबस्था रहेकोकोले थप अंक प्रास गर्ने गरी आगामी बर्षका कार्यक्रम संञ्चालनका लागि पालिकाको ध्यान जान आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>धानवाली क्षती राहत वितरण - लालझाडी गाँउपालकालाई धान वाली क्षती राहत वितरणको लागि जिल्ला प्रशासन कार्यालय कंचनपुरबाट रु.१,२१,००,३५०।३८ प्राप्त भएकोमा रु.१२०५८२३६ वितरण गरी बचत भएको रकम रु.४२११४।३८ जिल्ला प्रशासन कार्यालय कंचनपुरलाई नै फिर्ता गरेको छ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>कल्याण कोष — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५,००,०००।ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनमा व्यवस्था नगरी पालिकाले अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपुर्ति- स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १६ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ।शिक्षक बिद्यार्थी अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>विद्यालयको संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>पदपुर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>प्रति शिक्षक बिद्यार्थी अनुपात</th></tr>
<tr><td>१</td><td>१६</td><td>९५</td><td>९५</td><td>२</td><td>४८५०</td><td>१:५१</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरूमा ५ जना शिक्षक नियुक्त गरी मासिक रु. १५,०००। का दरले बार्षिक रू. ९,७५,०००। वित्तीय समानीकरण अनुदानवाट तलब भत्ता भुक्तानी गरेको पाईएकोले। यस्तो भुक्तानी अनियमित देखिएको रू.</td><td>९७५,०००</td></tr>
</table>

३४ **विद्यालयको अनुगमन नियमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

३५ **कोभिड खर्च -**

कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७९ असार मसान्त सम्म प्राप्त रकम र खर्च सम्बन्धी विवरण

| **आम्दानीको श्रोत** | **रकम रु** | **खर्च शिर्षक** | **खर्च रु** |
|---|---|---|---|
| गत बर्षको मौज्दात | २४,८७३।३२ | राहत वितरण | |
| संघीय संचित कोषबाट | | क्वारेन्टाइन होल्डिङ्ग सेन्टर निर्माण | |
| प्रदेश संचित कोषबाट | | आइसोलेसन केन्द्र निर्माण व्यवस्थापन | |
| स्थानीय तहको बजेट विनियोजन | | जनशक्ति परिचालन | |
| संघीय कोभिड कोषबाट | ३८,१०,०००। | औषधि एवं स्वास्थ्य सामाग्री खरिद | |
| प्रदेश कोभिड कोषबाट | | स्वास्थ्य पूर्वाधार निर्माण | |
| अन्य श्रोतबाट | | कोभिड प्रभावितलाई वितरण | ३८,१०,०००। |
| | | बाँकि | २४,८७३।३२ |
| जम्मा | ३८,३४,८७३।३२ | जम्मा | ३८,३४,८७३।३२ |

कार्यालयले कोभिड प्रभावितलाई रु.१० हजारका दरले वितरण गरी रु. ३८ लाख १० हजार खर्च गरेको छ । खर्च गर्दा वास्तविक कोभिड प्रभावित र पालिकाको प्रोफाइल वाट देखिएका गरिवको रेखामुनी रहेका जनसंख्यालाई लक्षित गरेर राहत वितरण गर्नुपर्नमा कुनै आधार वेगर राहत वितरण गरेको छ।

<table>
<tr><td>३६</td><td></td><td></td><td>सोझै खरिद— सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले देहायबमोजिमका सोलार सम्बन्धि सामान र ब्लाङकेट खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन ।यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि अपनाउन तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>क्र.स</th><th>गो भौ नं र मिति</th><th>कार्यक्रम</th><th>आपूर्तिकर्ता</th><th>रकम</th></tr>
<tr><td>१</td><td>पूजिगत १५, २०७८/६/१८</td><td>सोलार सहित ईन्भटर जडान</td><td>एभरेष्ट सोलार इनर्जि एण्ड कम्पनी</td><td>४,३८,९३०।</td></tr>
<tr><td>२</td><td>चालु१५६-२०७८।०९।०७</td><td>जेष्ठ नागरिकलाई ब्लाङकेट वितरण</td><td>आर.एस.रेडिमेड सप्लायर्स</td><td>४,९३,३४६।</td></tr>
<tr><td>३</td><td>चालु १५८-२०७८।०९।०७</td><td>जेष्ठ नागरिकलाई ब्लाङकेट वितरण</td><td>न्यु महालक्ष्मी सप्लायर्स</td><td>४,९३,३४६।</td></tr>
<tr><td>४</td><td>चालु १५४-२०७८।०९।०७</td><td>जेष्ठ नागरिकलाई ब्लाङकेट वितरण</td><td>दमन स्टोर</td><td>४,७२,२०३।</td></tr>
<tr><td>५</td><td>चालु ३९० २०७९/३/१६</td><td>सोलार सहित ईन्भटर जडान</td><td>एभरेष्ट सोलार इनर्जि एण्ड कम्पनी</td><td>११,३५,०००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३०,३२,८२५।</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>धरौटीतर्फ - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अवधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन र कर चुक्ता प्रमाणमात्र पेश नगरेपनी धरौटी फिर्ता दिएको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएको भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम</td><td>६३१,९१६</td></tr>
</table>

तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु.६,३१,९१६। धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | गो भौ/ मिति | धरौटी फिर्ता पाउने | कैफियत | धरौटी फिर्ता रकम रु. |
|---|---|---|---|---|
| १ | ८-२०७८।०६।२४ | मौलिङ कन्सट्रक्सन एण्ड बिल्डर्स | मु.अ.कर समायोजन प्रमाण नभएको | ७,०००। |
| २ | १०-२०७८।०७।१० | एन.एस. इम्फोसिस | मु.अ.कर समायोजन प्रमाण नभएको | ३८,५४०। |
| ३ | १२-२०७८।०७।२९ | सेती ह्युम पाइप तथा विद्युत्त पोल उद्योग प्रा.लि. | मु.अ.कर समायोजन प्रमाण नभएको | ६६,२३५। |
| ४ | १४-२०७८।०९।०६ | युनीटी कन्स्ट्रक्सन | मु.अ.कर समायोजन प्रमाण नभएको | ७९,३९०। |
| ५ | १७-२०७८।११।१८ | रक्षा कन्स्ट्रक्सन | कर चुक्ता प्रमाणनभएको | १,१०,५६५। |
| ६ | १९-२०७९।०१।०८ | ओम मनकामना विल्डर्स | मु.अ.कर समायोजन प्रमाण नभएको | २१,८६७। |
| ७ | १९-२०७९।०१।०८ | केदार निर्माण सेवा | मु.अ.कर समायोजन प्रमाण नभएको | २२,०१८। |
| ८ | १९-२०७९।०१।०८ | सहारा कन्ट्रक्सन | मु.अ.कर समायोजन प्रमाण नभएको | २२,०८४। |
| ९ | २१-२०७९।०१।२१ | लाक्स ग्रुफ कम्पनी प्रा.लि. | मु.अ.कर समायोजन प्रमाण नभएको | ९५,०००। |
| १० | ३०-२०७९।०३।०८ | भागेश्वर हयुम पाईप इण्डष्टिज प्रा.ली. | मु.अ.कर समायोजन प्रमाण नभएको | १९,५९४। |

| | | | | |
|---|---|---|---|---|
| ११ | ३०-२०७९।०३।०८ | एस के ट्रेडर्स एण्ड सप्लायर्स | मु.अ.कर समायोजन प्रमाण नभएको | १,४४,९९५। |
| १२ | ३०-२०७९।०३।०८ | कागेश्वरी हयुम पाईप तथा विद्युत पोल उद्योग प्रा.ली. | मु.अ.कर समायोजन प्रमाण नभएको | ४,६२८। |
| **जम्मा** | | | | **६,३१,९१६।** |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **पेश्की बाँकी-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेश्की दिने र फस्यौंट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ। यसकाअतिरिक्त निर्माण व्यबसायीलाई निर्माण कार्यका लागि मोबिलाइजेसन प्रयोजनलाई दिएको पेश्की उक्त नियमावली र सार्वजनिक खरिद नियमावली,२०६४को नियम११३(५) बमोजिम फस्यौंट हुनुपर्ने देखिन्छ। पालिकाले पेश्की खर्च लेखेको तपसिलबमोजिमका म्याद नागेका र ननागेका पेश्की समयमा नै फस्यौट गर्नु पर्दछ । रु. | ५४३,२४६ |

| क्र स | पेश्की लिएको मिति | गो. भौ. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | निर्माण व्यवसायी | | | | | | | |
| १ | २०७९/२/१२ | २ | वडा नं ६ चान्देवमा खानेपानीको लागि ओभरहेड ट्याङ्क | भिमेश्वर/जयश्री जे भि | ३११५६ | ३०००००० | | ३०००००० |
| २ | २०७९/३/२५ | ६ | वडा नं ६ चान्देवमा खानेपानीको लागि ओभरहेड ट्याङ्क | भिमेश्वर/जयश्री जे भि | ३११५६ | ३०००००० | | ३०००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | | | ६०००००० | | ६०००००० |
| सस्थागत | | | | | | | | |
| १ | २०७९/३/२१ | २९ | लमैया खोला,नयाँ खोला,लालझाडी गाँउपालिका | इन्टरटेक प्रा.ली | ३११५९ | | ४६३८८१ | ४६३८८१ |
| | २०७९/३/२१ | ४०७ | वित्तय समानिकरण संधबाट साझेदारी निर्माण कार्यका लागि छुट्याएको रकम | इन्टरटेक प्रा.ली | ३११५९ | | ७९३६५ | ७९३६५ |
| जम्मा | | | | | | ० | ५४३,२४६। | ५,४३,२४६। |
| कुल जम्मा | | | | | | ६०,००,०००। | ५,४३,२४६। | ६५,४३,२४६। |
| | | | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **रकमान्तर -** आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निर्णय बमोजिम बिभिन्न शिर्षकमा कुल रु.५,७४,४२,४६० अर्थात कुल बजेट रु.४२,३६,८५,२७४।९१ को १३.५५ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा व्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ । | |
| ४० | | | **ठेक्का व्यबस्थापन -** | |

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । म ले प फा नं २७२ अनुसार आ व २०७८/७९मा पूजिगत खर्च रु.१,९४,९६५,४९३।देखिएकोमा पालिकाले पुर्ण विवरण उपलब्ध गराएको छैन । पेश भएको विवरण अनुसार सार्वजनिक खरिद कार्य देहाय बमोजिम भएको देखिन्छः (रु.हजारमा)

| क्र.स | खरिद विधि | रकम |
|---|---|---|
| १ | सोझै खरिद | ६,७९६। |
| २ | सिलवन्दी दरभाउ | २६,८२। |
| ३ | बोलपत्र | ३७,३८४। |
| ४ | उपभोक्ता समिति | २४,७९४। |
| ५ | नखुलेको | १२३३०९ |
| | जम्मा | १९४९६५ |

पालिकाले खरिद कार्यको व्यवस्थित अभिलेख राखी खरिद कार्य गर्दा ऐनको पुर्ण पालना गर्नु पर्दछ ।

४१ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | पालिका बाटै संकलित आन्तरिक आय | राजश्व बाँडफाँडबाट प्राप्त आय | कुल आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|---|---|
| ३८३१६१४३४।९७ | १६२०५८८१।८० | ७४९०३८८५।०३ | ९११०९७६६।८३ | ४.२ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.२प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| ४२ | | | **कर तथा शुल्क असुली -** | |
|---|---|---|---|---|

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पती कर | १५,७५,०००.०० | १३,१८,४७४.०० | ८३.७१ |
| भुमिकर/मालपोत | २,५०,०००.०० | ८,२५,८८७.९० | ३३०.३६ |
| घरवहाल कर | ८२,५००.०० | १५,१८०.०० | १८.३९ |
| वहाल विटौरी कर | १०,०००.०० | २८,२७०.०० | २८२.७ |
| सवारी साधन कर (साना सवारी) | २२,०००.०० | ० | ० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५५,०००.०० | ० | ० |
| अन्य कर | १,३२,०००.०० | १,६०,५३४.०० | १२१.६२ |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी | ४१,५०,०००.०० | ० | ० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ५,००,०००.०० | ८०,०५,२९५.०० | १६०१.०६ |
| नक्सापास दस्तुर | २२,०००.०० | २,८००.०० | १२.७३ |
| सिफारिश दस्तुर | १२,५०,०००.०० | ७,१५,२१४.५० | ५७.२२ |

| | | | |
|---|---|---|---|
| व्यक्तिगत घटना दर्ता दस्तुर | १,३२,०००.०० | १,४३,०९७.०० | १०८.४१ |
| नाता प्रमाणित दस्तुर | १,१०,०००.०० | ७३,६००.०० | ६६.९१ |
| अन्य दस्तुर | ९,७५,०००.०० | ५,४८,७००.९० | ५६.२८ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८,००,०००.०० | ७,५१,९१९.०० | ९३.९९ |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १०,०००.०० | ० | ० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | १,००,०००.०० | १८,५७,१७३.०० | १८५७.१७ |
| अन्य राजस्व | ० | १७,२८,७३६.५० | १७२८७३६५० |
| बेरूजू | ० | ३१,०००.०० | ३१००००० |
| नगद | ५,७८,३४,६६०.०० | ० | ० |
| अन्तरिक श्रोत | १,०७,७५,५००। | १,६२,०५,८८१.८० | ६६.५० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । पालिकाले परीक्षण भिडान नगरेकोले कती प्राप्त हुनुपर्नेमा कती प्राप्त भएको हो तुलना भिडान परीक्षण गर्न सकिएन । राख्नु पर्ने म ले प फारम प्रयोग नगरेकोले आन्तरिक आयको व्यवस्थित अभिलेख समेत राखेको पाइएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई असुली र दाखिला यथार्थ रुपमा भएको सुनिश्चित हुने व्यवस्था हुनुपर्दछ ।

४३ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको क्षेत्रभित्र रहेका सबै प्रकारका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी व्यवसाय कर उठाउने गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

<table>
<tr><td>४४</td><td></td><td></td><td>कार्य योजना स्वीकृत नगरेको - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>राजश्व दाखिला - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ९ वडापालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको पाईएन। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको रकमको जरिवाना रू.६८,०९०,। लगायत पालिकाले ढिलो दाखिला भएको रकम एकिन गरी, जरिवाना असुल गर्नुपर्ने रू. ६८,०९०।
<table>
<tr><th>क्रस</th><th>गोभौनरमिति</th><th>रसिदनं</th><th>वडा नं</th><th>आम्दानी मिति</th><th>दाखिलामिति</th><th>जम्मारकम</th><th>जरिवाना</th></tr>
<tr><td>१</td><td>१३-२०७८।८।९</td><td>४९</td><td>१</td><td>२०७८।५।१</td><td>२०७८।८।८</td><td>३६३८</td><td>९०९</td></tr>
<tr><td>२</td><td>१३-२०७८।८।९</td><td>७५</td><td>१</td><td>२०७८।५।२९</td><td>२०७८।८।८</td><td>९६२७</td><td>२४०६</td></tr>
<tr><td>३</td><td>४-२०७८।७।१०</td><td></td><td>२</td><td>२०७८।४।१७</td><td>२०७८।६।१४</td><td>४०००</td><td>१०००</td></tr>
<tr><td>४</td><td>४-२०७८।७।१०</td><td></td><td>२</td><td>२०७८।४।२०</td><td>२०७८।६।१४</td><td>७९००</td><td>१९७५</td></tr>
<tr><td>५</td><td>४-२०७८।७।१०</td><td></td><td>२</td><td>२०७८।४।२४</td><td>२०७८।६।१४</td><td>८६००</td><td>२१५०</td></tr>
<tr><td>६</td><td>४-२०७८।७।१०</td><td></td><td>२</td><td>२०७८।५।१</td><td>२०७८।६।१४</td><td>२९५०</td><td>७३७</td></tr>
<tr><td>७</td><td>४-२०७८।७।१०</td><td></td><td>२</td><td>२०७८।५।८</td><td>२०७८।६।१४</td><td>४५००</td><td>११२५</td></tr>
</table></td><td>६८,०९०</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ४-२०७८।७।१० | | २ | २०७८।५।१६ | २०७८।६।१४ | ८७०० | २१७५ |
| ९ | ४-२०७८।७।१० | | २ | २०७८।५।१७ | २०७८।६।१४ | ७१५० | १७८७ |
| १० | १३-२०७८।८।९ | २७ | २ | २०७८।५।१७ | २०७८।८।८ | १७००० | ४२५० |
| ११ | १३-२०७८।८।९ | ३१ | २ | २०७८।५।१८ | २०७८।८।८ | ५८२० | १४५५ |
| १२ | **३**-२०७८।७।७ | ६१३० | ३ | २०७८।६।६ | २०७८।७।४ | २५०० | ६२५ |
| १३ | **३**-२०७८।७।७ | ६१३० | ३ | २०७८।६।१० | २०७८।७।४ | ३००० | ७५० |
| १४ | ३-२०७८।७।७ | ६२२२ | ३ | २०७८।६।७ | २०७८।७।४ | ६३०० | १५७५ |
| १५ | **३**-२०७८।७।७ | ६२२६ | ३ | २०७८।६।८ | २०७८।७।४ | १३२७ | ३३१ |
| १६ | ५४-२०७९।३।१ | ६३९४ | ३ | २०७९।१।११ | २०७९।२।५ | २३५७९ | ५८९४ |
| १७ | ६६-२०७९।३।१९ | ६४१३ | ३ | २०७९।२।११ | २०७९।३।९ | ४०००० | १०००० |
| १८ | ६६-२०७९।३।१९ | ६४१४ | ३ | २०७९।२।११ | २०७९।३।९ | ८९७६ | २२४४ |
| १९ | ६६-२०७९।३।१९ | ६४२२ | ९ | २०७९।२।१७ | २०७९।३।९ | ५१२६ | १२८१ |
| २० | १३-२०७८।८।९ | | ४ | २०७८।५।२१ | २०७८।८।८ | ४३५० | १०८७ |
| २१ | **७७-२०७९।३।३०** | १९० | | २०७८।१२।१ | २०७९।३।२८ | ९७३३८ | २४३३४ |
| **जम्मा** | | | | | | | ६८,०९०। |

४६

**राजश्व अभिलेख** -कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **निरीक्षण नभएको -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था रहेन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रू १,६२,०५,८८१।८० यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन ।यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । | |
| ४८ | | | **सवारी कर संकलन -** | |
| ४८.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ को (घ) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सडक, बस पार्क, ढल, पुल बत्ती जस्ता सेवा प्रदान गरे बापत सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने उल्लेख छ । यस गाउँपालिकाले ऐनको उक्त दफा अनुसार सडक सेवा शुल्क उठाउन २०७८।३।३० मा न्यूनतम कबोल अंक रु १२,०००। निर्धारण गरि सुचना प्रकाशन गरी ठेक्का प्रकृया सुरु गरेकोमा प्राप्त कबोलमध्ये सुविसा एण्ड सुविस कन्स्ट्रक्सनले रु. ६,२७,७८६।१९ (मु अ कर सहित) सबैभन्दा बढी कबोल गरेकोले २०७८।४।१८ सम्झौताका लागि पत्राचार गरेकोमा कोभिड-१९ को कारण देखाउँदै सम्झौता गर्न नसकिने व्यहोराको पत्राचार गरेकोले निजले राखेको धरौटी रु.२७,७५०।जफत गरि दोस्रो बढी रु.४,६९,१२०।(मु अ कर समेत) कबोल गर्ने सिद्धनाथ कन्स्ट्रक्सनलाई सम्झौताको लागि ७ दिनको म्याद सहित पत्राचार गरेको देखिन्छ ।तर उक्त फर्म समेत सम्झौता गर्न नआएकोले निजको धरौटी रु.२०,७८७। जफत गरी तेस्रो बढी कबुल गर्ने शुभम कन्स्ट्रक्सन सँग २०७८।५।२२ मा रु १,७०,६३०।(मु अ कर समेत) प्राप्त गर्ने गरी सम्झौता भएको छ । उल्लेखित व्यहोरा अनुसार ठेक्कापट्टामा समाबेश हुने तर सम्झौता गर्न नआउने दुबै व्यबसायीको धरौटी जफत गर्दा समेत पहिलो बढी कबोलदाताको भन्दा तेस्रो बढी कबोलदातासँग सम्झौता गर्दा पालिकाको रु.४,०८,६१९।आय घट्न गएको छ । उक्त व्यहोरा अनुसार ठेक्कापट्टामा सहभागी हुने तर नियमानुसार सम्झौता गर्न नआउने दुबै निर्माण व्यबसायीलाई सार्बजनिक खरिद ऐन,२०६३ को दफा ६३.(१) ख. को बमोजिम कालोसूचीमा राख्ने प्रकृया सुरु नगरेको सम्बन्धमा पालिकाबाट स्पष्ट राय ठहर साथ प्रमाण पेश हुनुपर्ने रु. | ४०८,६१९ |
| ४८.२ | | | सम्झौता बमोजिम सुभम कन्स्ट्रक्सनले पहिलो किस्ता बापतको रकम रु.८५,३१५।बुझाएको देखिए पनि बाँकी रकम दाखिला गरेको प्रमाण पेश नभएकोले दोस्रो किश्ता बापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ८५,३१५ |
| ४८.३ | | | दोस्रो बढी कबोलदाताको धरौटी जम्मा गर्ने निर्णय बमोजिम बैंकलाई पत्राचार गरेको देखिन्छ तर उक्त धरौटी रकम रु २०,७८७। पालिकाको खातामा जम्मा भएको देखिएन । जफत गरिएको उक्त धरौटी राजश्वमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २०,७८७ |
| ४९ | | | **आय ठेक्का** | |

४९.१

पालिकाबाट उपलब्ध जानकारी अनुसार पलिकाले यस आ .ब मा आय प्राप्त हुने गरी निम्न अनुसार ठेक्का लगाई सम्झौता भएको जनाएको छ ।

उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

| क्र.सं. | काम | न्युनतम कायम अंक | ठेक्का रकम | सम्झौता लागु मिति | सम्झौता सकिने मिति | व्यवसायी | अशुल रकम |
|---|---|---|---|---|---|---|---|
| 1 | नदि जन्य पदार्थ संकलन | ४५२०००० | ७८३०९००। | २०७८।७।१६ | २०७९ असार मसान्त | एल.वि.एण्ड वि बिल्डर्स प्रा.लि. | ३०२९२४०। |
| 2 | अजय कुण्ड र पिपरमण्ड ताल | १३५००० | १३८१९५ | २०७८।७।११ | २०८०।। | नरेश राना | १३८१९५ |
| 3 | सडक दस्तुर संकलन | १२०००। | १७०६३०। | २०७८।५।२२ | २०७९ असार मसान्त | शुभम क्न्स्ट्रक्सन प्रा.लि. | ८५३१५ |

नोटः क्र.सं. १ को ठेक्कामा विवाद उत्पन्न भएकाले विवादित स्थानको कवोल परिमाण बरारको हुन आउने रकम रु ४३,०१,६६०। फिर्ता भएको छ । पालिकाले एक मुष्ट जम्मा गर्नेलाई १० प्रतिशत छुट दिएको छ ।

४९.२

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिवृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकराले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्रि गर्दा कर असुल उपर गर्नु पर्ने व्यवस्था गरेको छ । यस्ता निकाय मु.अ. कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु.अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर यस पालिकाले उल्लेखित आय ठेक्कामा अशुल गर्नुपर्ने मुल्य अभिवृद्धि कर रकम राजश्व शीर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा दाखिला गरी प्रमाण पर्ने गर्ने गरी व्यवसायीसँग सम्झौता गरे पनि निजहरुले दाखिला गरेको नदेखिएकोले सम्झौता रकममा हुने मु अ कर रकम पालिलकाले असुल गरेको तर तोकिएको राजश्व खातामा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने रु. ३८४०२६। ३८४,०२६

| **क्र.सं** | **काम** | **ठेक्का रकम रु** | **व्यवसायि** | **मु अ कर रकम रु** |
|---|---|---|---|---|
| 1 | नदिजन्य पदार्थ संकलन | ३०२९२४० | एल.वि.एण्ड वि बिल्डर्स प्रा.लि. | ३४८४९७। |
| 2 | अजय कुण्ड र पिपरमण्ड ताल | १३८१९५ | नरेश राना | १५८९९। |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>3</td><td>सडक दस्तुर संकलन</td><td>१७०६३०।</td><td>शुभम कन्स्ट्रक्सन प्रा.लि.</td><td>१९६३०।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३३३८०६५</td><td></td><td>३८४०२६।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९.३</td><td></td><td></td><td>नदिजन्य पदार्थ संकलनका लागि एल बि एण्ड ए बि बिल्डर्स ले दोदा नदि बाट कुल ३४७५६।३४ घ.मि. संकलन गर्न पाउने गरि सम्झौता गरेको र उक्त सम्झौताको ४ नं बुँदामा पालिकाले उल्लेखित कार्यको नियमित अनुगमन गर्नेछ र पालिकाबाट अनुगमन हुँदा कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेकोफ पाइएमा नियमानुसार कारवाही र सजाय हुने उल्लेख भएता नि उक्त परिमाण अनुसार उठाए नउठाएको पालिकाबाट कुनै अनुगमन मुल्याँकन गरेको छैन । ठेक्का सम्झौता अनुसार तोकिएको परिमाणमात्र संकलन गर्ने गराउने कार्यको निरन्तर अनुगमन मुल्यांकन गरी तोकिएको परिमाण भन्दा बढी संकलन गरे नगरेको यकिन नगरे पनि उक्त नदी क्षेत्रबाट नदिजन्य पदार्थ संकलन प्रयोजनको कर्य गराउनु पर्ने भनि २०७९।७९ मा रु .४९८०००। को लागत अनुमान तयार गरि रु.४९६०००। भुक्तानी दिएर आई ई ई भने गराएको देखिन्छ ।ढुङ्गा गिट्टि बालुवा, उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम नदिजन्य पदार्थ संकलन क्षेत्रमा सम्झौता लगायतका शर्त पालन भए नभएको अनुगमन नभएको, संकलन क्षेत्रमा तोकिए बमोजिमको सूचना पार्टी राखु पर्नेमा राखेको प्रमाण पेश नभएको देखिन्छ ।नदीजन्य पदार्थ संकलनको लागि ठेक्कापट्टाको कार्य गर्दा तोकिएका सबै सर्तहरुको पालना अनिवार्य रुपमा गर्ने गराउने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा एवम् माटो जन्य वस्तुको विक्री गर्न सक्ने उल्लेख छ । उक्त व्यवस्था बमोजिम पालिकाले दोदा नदीबाट नदीजन्य पदार्थ संकलनका लागि २०७८।५।३० मा बोलपत्र आह्वान गरेकोमा प्राप्त बोलपत्रमा सबैभन्दा बढी मु अ कर सहित कबुल अंक रु.८७,००,९९८।८७ प्राप्त भएकोमामा सम्पूर्ण रकम एकमुष्ट बुझाउँदा १० प्रतिशत छुट सहित रु.७८,३०,९००।(मु अ कर सहित) भुक्तानी भएको भनि श्री एल.वि. एण्ड ए.बि.बिल्डर्स प्रा.लि. सँग सम्झौता भएको देखिन्छ । उक्त ठेक्काबाट तोकिएका विभिन्न घाटहरुमा उत्खनन् कार्यमा अवरोध भएको र सो समाधानको लागि यस कार्यालयबाट प्रयास गरेको भए पनि समस्या समाधान नभएको भनि व्यबसायीले २०७८।८।२३ मा संकलन कार्य गर्न नसकिने व्यहोरा उल्लेख गर्दै बुझाएको रकम फिर्ता माग गरेको देखिन्छ । उल्लेखित परिस्थितिको बारेमा अध्ययन गर्न २०७८।९।२८ मा कार्यपालिकाको बैठकबाट एक समिति गठन गरेको थियो । उक्त समितिले वडा नं १, ३ र ५ मा विबादित घाटबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षणले निर्धारत गरेको परिमाण संकलन गर्न संभव नहुने ४२,३६३.२३ घनमिटरको हुने रकम रु.४३,०१,६६०। फिर्ता गरी ठेक्का यथावत राख्ने प्रतिवेदन पेश गरेको आधारमा गा पा समानिकरण पूँजिगत शिर्षकको समपुरक कोषबाट फिर्ता भुक्तानी गरी समानिकरण चालुबाट सोधभर्ना गरेको देखिन्छ । बिबादित स्थानमा संकलन गर्न नसकेको जनाए पनि सम्झौतामा उल्लेखित कुल परिमाणभन्दा घटी भए नभएको यकिन नगरी दाखिला भई सकेको रकम फिर्ता दिने कार्य मनासिब देखिदैन ।यसरी रकम फिर्ता दिने अबस्था भए सरोकारवाला सबैको सहयोग र समन्वय तथा कुल परिमाणभन्दा संकलन परिमाण घटी भए नभएको यकिन गरेर मात्र फिर्ता दिने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,०७,७५,५००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१६२०५८८१।८० अर्थात ।अनुमान भन्दा ३३.५० प्रतिशत वढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ५१ | | | **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ५२ | | | **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ५३ | | | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ५४ | | | **सफ्टवेयर खरिद -**<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१३,१३,३९१। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।
<table>
<tr><td>क्र सं</td><td>सफ्टवेयरको नाम</td></tr>
<tr><td>१</td><td>तलवि भरपाई सफ्टवेयर</td></tr>
<tr><td>२</td><td>कर्मचारी सुचना व्यवस्थापन प्रणाली</td></tr>
<tr><td>३</td><td>राजश्व तथा आय लेखा सम्वन्धि सफ्टवेयर</td></tr>
<tr><td>४</td><td>अपाङ्ग परिचय पत्र सम्वन्धी सफ्टवेयर</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>कार्य योजना - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>विपद व्यवस्थापन कोष - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ । पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु .२४,८७३।३२ रहेकोमा यस आ .व मा विपद व्यवस्थापन कोष कार्यकालागि चालु खर्च शिर्षकबाट कम्मल खरिद तथा वितरण गरी रु.१४,८३,८९४ खर्च गरेको देखीयो विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>बार्षिक प्रतिबेदन -</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५९ | | | **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था छ तर वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि रु.३० लाख ४२ हजार छ सय चौध खर्च गरेको जनाएको छ ।कन्टिन्जेन्सी खर्चको गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ । | |
| ६० | | | **सवारी साधन मर्मत** - प्रदेश पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन(कार्यविधि) नियमावली, २०७५ बमोजिम योजना छनौट गर्दा स्थानीय आवश्यकता, प्राथमिकता र विकासमा सन्तुलन कायम हुने नयाँ योजनामा खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाले प्रदेश पूर्वाधार विकास कार्यक्रमबाट योजनमा खर्च नगरी पालिकाको सवारी साधन मर्मत बापतको खर्च भुक्तानि दिएको देखिन्छ । प्रदेश पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधिको उद्देश्य विपरितको शिर्षकमा खर्च गरेको रकम नियमसम्मत नभएको रु | १५६,२४१ |
| ६१ | | | **आन्तरिक लेखापरीक्षण -** | |
| ६१.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ । यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ । | २२,६३९.८७ |

| क्र.स | व्यहोरा | रकम |
|---|---|---|
| **आन्तरिक चालुतर्फ** | | |
| | गोश्वरा भौचर नं.२१८, मिति २०७८/१०/२४, श्री सिद्धराज भट्ट, श्री मदन सेन वडायक र श्री सुरेन्द्र वोहरा ले मिति २०७८/९/१२गतेको स्वीकृत आदेश अनुसार धनगढी देखि काठमाण्डौ गएको भनि जहाज भाडा वाफत क्रमश रु.३,४००,रु.४,५००। र रु.३,४००।का दरले भुक्तानी भएको देखिन्छ । भ्रमण खर्च नियमावली,२०६४ को नियम १८ उपनियम २ र ३ बमोजिम हवाई टिकट पेश गरेमा सो वाफतको रकम भुक्तानी दिइनेछ, हवाई टिकट पेश भएमा सो खर्च प्रमाणित गर्ने कागजात अर्थात वोडिङ्ग पास पेश हुनुपर्ने व्यवस्था रहेको र उत्त भ्रमण वाफतको भुक्तानीमा वोडिङ्ग पास समावेश | ११,३००। |

| | | | | |
|---|---|---|---|---|
| | | नभएकाले समावेश गरि खर्च नियमित गर्नुपर्ने अन्यथा असुल गरि सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | | |
| | **आन्तरिक पूँजिगत तर्फ** | | | |
| | | आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावी, २०७७ नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी दिनु पर्ने व्यवस्था रहेको, गोश्वरा भौचर नं.१५०, मिति २०७८/१०/१८, मा वडा नं ५ श्री मालिकार्जुन सहकारी संस्थाको पर्खाल निर्माण उपभोक्ता समितिलाई गरिएको भुक्तानीमा प्रविधिक कार्य सम्पन्न प्रतिवेदन अनुसार रु २४८७०९।११ वरावरको कार्य सम्पन्न प्रतिवेदन पेश भएको, भुक्तानी गर्दा २५००००।-नै भुक्तानी भएकाले सम्बन्धित उपभोक्तालाई रु १२९०।८९ बढी भुक्तानी भएकाले बढी भुक्तानी रकम असुल गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने । | १,२९०।८९ | |
| | | आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावी ,२०७७ नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी दिनु पर्ने व्यवस्था रहेको, गोश्वरा भौचर नं.१६०, मिति २०७८/१०/२४, राष्ट्रिय आधारभुत बहुभाषिक विद्यालयको अधुरो गेट तथा पर्खाल निर्माण उपभोक्ता समितिलाई गरिएको भुक्तानीमा प्राविधिक मूल्याकन अनुसार ३४२४१०।५७ बराबरको कार्य सम्पन्न प्रतिवेदन पेश भएको र भुक्तानि गर्दा३५०००० । नै भुक्तानी भएकाले रु ७५८९।४३ बढी भुक्तानी भएकाले बढी भुक्तानी रकम सम्बन्धित उ.स बाट असुल गरि सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | ७,५८९।४३ | |
| | | आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावी, २०७७ नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी दिनु पर्ने व्यवस्था रहेको, गोश्वरा भौचर नं.१६२, मिति २०७८/१०/२४, वडा न. ५ को वैजनाथ टोलमा वोरिङ्ग पम्पसेट जडान उ.स. लाई गरिएको भुक्तानीमा प्रविधिक मूल्याकन अनुसार २४७५४०।४५ को कार्य सम्पन्न प्रतिवेदन पेश भएको र भुक्तानी गर्दा रु २,५०,००० । भुक्तानी भएकाले रु २४५९।५५ रकम बढी भुक्तानी भएकाले सम्बन्धित उ.स. बाट असुल गरि सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | २,४५९।५५ | |
| ६१.२ | क्र.स | व्यहोरा | रकम | २,०००,००<br>० |
| | ***संघीय सशर्त चालु तर्फ*** | | | |
| | १ | गो.भौ.नं.१६१ मिति २०७९/३/७ विद्यालय शैक्षिक गुणस्तर सुद्धृढीकरण एवम कार्यसम्पादन मा आधारित प्रोत्साहन अनुदानका लागि शिक्षा शाखाको सिफारिस अनुसार शैक्षिक पहुच सुनिश्चिता, | २,०००,०००। | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr>
<td></td>
<td>अनैपचारिक तथा वैकल्पिक र शैक्षिक गुणस्तर सुद्धृढीकरण वाफतको रकम तपशिल बमोजिमका विद्यालयलाई भुक्तानी<br>१. भानु मा.वि कञ्च — ६५००००।-(पुस्तकालय व्यवस्थापनका लागि)<br>२. वैजनाथ वालज्योति आ.वि - ६५००००।-(ICT व्यवस्थापनका लागि)<br>३. सिद्धवैजनाथ आ.वि - ५०००००।-(अनौपचारिक प्रौढका लागि)<br>४. देखतभूलि सामुदायिक अध्यायन केन्द्रका लागि -२०००००।<br>सो रकम खर्च गर्ने विल विजक प्रतिवेदन तथा शिक्षा शाखाबाट अनुगमन प्रतिवेदन समावेश नभएकाले खर्च प्रमाणित गर्न नसकिएकाले विल भरपाई र अनुगमन प्रतिवेदन पेश गर्ने</td>
<td></td>
</tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६१.३</td>
<td></td>
<td></td>
<td>
<table>
<tr>
<td>क्र.स</td>
<td>व्यहोरा</td>
<td>रकम</td>
</tr>
<tr>
<td colspan="3">आन्तरिक चालु तर्फ</td>
</tr>
<tr>
<td>२</td>
<td>गो.भौ.न. १५४,१५६,१५८ र १६० बाट जेष्ठ नागरिकका लागि विभिन्न फर्मबाट ८३३ थान कम्बल खरिद गरिएको उत्त कम्बल कस-कसलाई वितरण गरिएको हो सो को जनकारी तथा वितरण गर्दाको फोटोहरु र परिचय खुल्ने प्रमाण समावेश नभएकाले खर्चको वारे विश्वस्त हुन सकिएन ।</td>
<td></td>
</tr>
<tr>
<td colspan="3">आन्तरिक पुजिगत तर्फ</td>
</tr>
<tr>
<td></td>
<td>गोश्वरा भौचर नं.१३६,मिति२०७८/१०/१२,वडा ४ मा संचालन गरिएको खेलकुद प्रशिक्षण कार्यक्रममा खरिद गरिएका १५ थान फुटवल के कस्तो अवस्थामा छन सो को जानकारी स्पष्ट नभएकाले सो को जानकारी सहितको प्रतिवेदन तयार गरी स्वीकृत गर्नु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td></td>
<td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २५ र नियमावलि,२०७७ को नियम ३९ मा चालु वर्षको वजेटले नखाम्ने भएमा र आगामी वर्षमा भुक्तानी दिनुपर्ने भएमा तोकिएको ढाँचामा भुक्तानी दिन बाकीको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराउनु पर्ने । जसका लागी मलेप फा.न २२१ व्यवस्था भएको । गोश्वरा भौचर नं. ११मिति २०७८/६/४ मा श्री सलान निर्माण सेवा लाई गत वर्षको भुक्तानी गरेकोमा भुक्तानी दिन बाकीको कच्चावारी संलग्न राखेको पाईएन । यस्तो कार्यमा पालिकाले सुधार गर्नु पर्दछ ।</td>
<td></td>
</tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | |
|---|---|---|
| | गो.भौ.नं.३४७ मिति २०७९/३/१ वडा नं. १ मा खेलकुद समाग्री खरिद वफात रु.५०,०००। भुक्तानी भएको जसवाट ४८ सेट गेम ड्रेस खरिद गरिएको र सो ड्रेस वितरण तथा हस्तान्तरण सम्वन्धमा एकिन हुने कागजात संलग्न गरेको पाईएन । पालिकाले यस्तो कार्य गर्दा कारोवार भएको प्रष्ट खुल्ने कागजात तथा प्रमाण संलग्न राख्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| संघीय शसर्त पुजिगत | | |
| | गो.भौ.न १७ मिति २०७९/३/७ विद्यालयमा IT Lab स्थापना, सुद्धृढीकरण एवम् Digital library व्यवस्थापनका लागि निम्न विद्यालयलाई रु.३२,५०,०००।- अनुदान रकम उपलब्ध गराएको छ ।<br>१. शारदा राष्ट्रिय मा.वि नौरङ्गा -६,५०,०००।<br>२. सिद्ध वैजनाथ आ.वि छोटोभाकल -६,५०,०००। -<br>३. स्वतन्त्र मा.वि पर्सिया -६,५०,०००। -<br>४. वैजनाथ मा.वि सिकलपट्टी जाई -६,५०,०००।<br>५. रामेश्वर मा. वि चान्देव -६,५०,०००।<br>खर्च प्रमाणित गर्ने कागजात तथा अनुगमन प्रतिवेदन समावेश गर्नुपर्नेमा नभएकाले खर्च एकिन गर्न सकिएन ।पालिकाले कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेबमोजिमका प्रकृया र कागजात संलग्न राख्ने र अनुगमन गरी अनुदान सदुपयोगको सुनिश्चता हुनु पर्दछ । | |
| | प्रदेश सशर्त कार्यक्रम | |
| | गो.भौ.नं. 5 मिति 2079/03/25 पढ्दै कमाउदै विद्यार्थि तथा युवा उद्यमशिलता कार्यक्रम अन्तरगत फलफुल वगैचा तथा जडीवुटी तथा वास र वेतवासको समाग्री उत्पादन तालिम कार्यक्रमवाट श्री सिद्धराज भट्टले मिति २०७९/३/२१ गते देखि २०७९/३/२३ सम्म वास खेती कार्यक्रम संचालन गरि रु 323000/- बराबरको निम्न प्रकारका वोट विरुवा खरिद भएको देखिन्छ<br>१. सटरिङ्ग वास — ३७० वटा<br>२. मोटो वास — १७५ वटा<br>३. आप-१० वटा<br>४. कागति- १० वटा<br>५. लिचि- १० वटा<br>६. काणा वास — १५० वटा<br>७. निङ्गलो वास -१०० वटा | |

| | | |
|---|---|---|
| | के कति जनालाई तालिममा सहभगि गराईएको हो सोको जानकारी, कार्यक्रम सम्पन्न प्रतिवेदन, माथि उल्लेखित वोट विरुवा केकति जनालाई वितरण गरिएको हो सोको जानकारी समावेश गर्नुपर्ने | |

६२ **रकम बाँडफाँड नभएको -** सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्रालयको प सं ०७९।८० च नं ५८ मिति २०७९।४।२४ को पत्र अनुसार यस पालिका लगायत यस प्रदेशका सबै पालिकाले प्रदेश आर्थिक ऐन बमोजिम आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टी, वालुवा र दहत्तर बहत्तरको राजश्व रकम पालिकाको विभाज्य कोषमा राखी सो मध्येबाट ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा र बाँकी ४० प्रतिशतले हुने रकम मासिकरुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेमा २०७८।७९ को रकम हालसम्म सञ्चित कोषमा दाखिला नगरेकोले दाखिला गरी तथा २०७८।७९ को संकलन हुने राजश्व बाँडफाँडको रकम सोही अनुरुप प्रदेश सञ्चित कोषमा नियमितरुपमा जम्मा गरी सोको विबरण मन्त्रालयमा उपलव्ध गराउनु हुन भनि सरोकार राख्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग सिँहदरबार तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेशलाई पत्र पठाएकोमा यस पालिकाबाट लेखापरीक्षण समय २०७९ मंसिरसम्ममा कुनै रकम पठाएको पाइएन । यस सम्बन्धमा स्थानीय सरकार संञ्चलन ऐन, २०७४ को दफा ६२क को दफा(३) पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा जराजुरी दहत्तर, बहत्तर आदिको बिक्री गरेको रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था भएकोले संकलन भएको राजश्व बिभाज्य कोषमा जम्मा गरी प्रदेश सञ्चित कोषमा पठाउन नसकिएको भनाई पालिकाको रहेको देखियो । यस सम्बन्धमा सम्बन्धित पालिका र प्रदेश सरकारले समन्वय गरी अशुली रकमको बाँडफाँड सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ ।

६३ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५९,४१,५००। सुविधा वापत भुक्तानी भएको छ ।उक्त खर्च पालिकाको आन्तरिक आय रु.१६,२०५,८८१।८०को ३६.३६ प्रतिशत रहेको छ।

| | सि. नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष६ जना | कार्यपालिका सदस्य ७ जना | सभाका सदस्य१७ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | बैठक भत्ता | २००० | २००० | २००० | २००० | २००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३ | टेलिफोन,मोबाइल | ६००० | ५००० | ३५०० | ३००० | २००० | |
| | ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | ५००० | ४५०० | ४००० | ३००० | २००० | |
| | ५ | समन्वय तथा सहजीकरण | ९००० | ७००० | ६००० | ५००० | ३००० | |
| | ६ | अतिथि सत्कार | १०००० | ९००० | ७००० | - | - | |
| | ७ | खानेपानी/बिजुली/ सरसफाई | ३५०० | ३००० | २००० | २००० | १००० | |
| | ८ | चाडपर्व खर्च | २५००० | २२५०० | १६००० | ९००० | ७००० | |
| | | जम्मा एक वर्षको | ४,५१,००० । | ४,१२,५९९ । | १८,६०,००० । | १,३२३,००० । | १,८९,४९०१ । | ५९,४१,५०० । |

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **मुल्य अभिवृद्धि कर -** सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने वस्तु सेवा वा दुवै आपुर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्ने व्यवस्था छ।पालिकाले कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तरगत श्री प्रज्ञान दृष्टी स्मार्ट एजुकेशन प्रा.ली लाई रु.३,९८,४४९।मु अ कर सहित भुक्तानि गर्दा नियम अनुसार कट्टि गर्नु पर्ने मुल्य अभिवृद्धि कर वापतको रकम कट्टि गरी दाखिला गरेको नपाईएकोले उक्त रकमको मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पत्र पेश गर्नु पर्ने अन्यथा सम्वन्धित सप्लायर्सबाट असुल गर्नुपर्ने रु. | १३,७५२ |
| ६५ | | | **प्रतिवेदन लेखन -** अर्थ मन्त्रालय द्धारा जारी कार्यसंचालन निर्देशिकको ,७.१.१५मा सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ती भएमा कक्षा संचालन बापतको पारिश्रमिक नपाउने,कार्यपत्र बापत रकम मात्र पाउने व्यवस्था छ । कार्यपत्रबापत रकम भुक्तानी दिन प्रतिवेदन वुझाउनु पर्ने र प्रति कार्यक्रम रु.३,०००।- भन्दा वढी हुन नहुने उल्लेखेख छ । पालिकाले महिला बालबालिका अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यकको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने कार्यको प्रतिवेदन तयारीका लागि श्री नरेन्द्र प्रसाद भट्टलाई रु.१२,७५०।भुक्तानी गरेको देखियो प्रतिवेदन लेखन वापतको रकम निर्देशिका भन्दा बढी भुक्तानि भएको हुँदा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ९,७५० |

<table>
<tr>
<td>६६</td>
<td></td>
<td></td>
<td>महङ्गी भत्ता- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२१ को परिपत्र अनुसार सबै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दी भित्र करारका कर्मचारीहरुलाई महङ्गी भत्ता दिने भन्ने कुनै व्यवस्था नरहेकोमा पालिकाले करारमा कार्यरत निम्न २ जनालाई मासिक रू. २,०००। का दरले ४ महिनाको मंहङ्गी भत्ता रू. १६,०००। भुत्तानी भएकोले यसरी परीपत्र विपरित भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारिको नाम र पद</th><th>महङ्गि भत्ता</th></tr>
<tr><td>१</td><td>सामाजिक परिचालक श्री प्रभुराज जोशी</td><td>८,०००।</td></tr>
<tr><td>२</td><td>रोजगार संयोजक श्री केशव दत्त पन्त</td><td>८,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६,०००।</td></tr>
</table>
</td>
<td>१६,०००</td>
</tr>
<tr>
<td>६७</td>
<td></td>
<td></td>
<td>पारिश्रमिक कर - आयकर नियमावली ,२०५९ को नियम (३१) मा वार्षिक पारिश्रमिकमा लाग्ने कर दामासाहीको हिसावले मासिक रुपमा कर कट्टा गर्नु पर्ने व्यवस्था छ । त्यस्तै आयकर ऐन , २०५८ को अनुसुचि (१) बमोजिम करको दर निर्धारण गरी कर कट्टि गरी पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा यस पालिकाले रोजगार संयोजक श्री केशव दत्त पन्तको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर अग्रिम रुपमा कट्टि नगरेको देखिएकोले नियमानुसार कट्टि गर्नुपर्ने रु.३,३१९। पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु.</td>
<td>३,३१९</td>
</tr>
<tr>
<td>६८</td>
<td></td>
<td></td>
<td>सिलसेलावाररुपमा जारी नभएको- कुनै पनि फर्म संस्थाले विजक जारी गर्दा सिलसिलेवार रूपमा विजक न.र मिती अनुसार जारी गर्नु पर्दछ। पालिकाले भुक्तानी गरेका देहाय वमोजिमका फर्म।संस्थाले पेश गरेको विजक न.र मिति सिलसिलेवार रूपमा जारी भएको नदेखिएकोले यसमा गरेको भुक्तानीको यथार्थता यकिन हुन सकेन यस्तो प्रकारले जारी गरेका बिल बिजकका आधारमा भुक्तानी दिने कार्य नियन्त्रण हुनुपर्दछ ।<br><br>
<table>
<tr><th>भौ.न.र मिति</th><th>फर्म</th><th>विल नं.</th><th>मिती</th><th>रकम</th></tr>
<tr><td rowspan="2">६३-२०७८।०६।२५</td><td rowspan="2">जानकी इलेक्ट्रोनिक्स रिपेरिङ्ग सेन्टर</td><td>४७९</td><td>२०७८।०६।११</td><td>५,०००।</td></tr>
<tr><td>४८०</td><td>२०७८।०६।१०</td><td>१९,८००।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६९</td>
<td></td>
<td></td>
<td>अनुगमन भत्ता - सुदुरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारीहरूले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन नपाउने उल्लेख छ। पालिकाले निम्न अनुसार पालिका भित्र योजना अनुगमन गरेको भनि भत्ता खर्च भुक्तानी दिएको छ। ऐनमा उल्लेखित बाहेकको सुविधा वापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.</td>
<td>१५,३००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.न./मिति</th><th>पदाधिकारीको नाम</th><th>भ्रमण अवधि</th><th>कैफियत</th></tr>
<tr><td>२९१-२०७८।१२।२१</td><td>उपाध्यक्ष श्री सत्य देवी महरा</td><td>२०७८।६।८ देखि २०७८।१०।२५ सम्म</td><td>(१८ वटा अनुगमन वापत रु.१,०००। का दरले कर कट्टी बाहेक रू.१५,३००। भुक्तानी)</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>बैठक भत्ता- गाँउपालिकाले कार्यालयमा हुने परामर्श बैठक, बोलपत्र मुल्याङ्कन बैठक तथा ठेक्का र क्याटलग सपिङ्गका लागी वसेको बैठक बापत रू. ४,१३,५१०। खर्च लेखेको छ । यस्ता प्रकृतिको खर्च लेख्दा सम्बन्धित सेवासंग सम्बन्धित विज्ञको उपस्थितिमा बैठक वसेकोमा मात्रै खर्च लेख्ने व्यवस्था छ। तर कार्यालयले यस्ता प्रकृतिका वैठक बस्दा कुनै विज्ञ नराखी कार्यालयका कर्मचारीहरू मात्रको वसी वैठक भत्ता खर्च लेखेको छ। यस्ता खर्चले आर्थिक व्ययभार बढी परेको छ। यस्तो प्रकारले खर्च लेख्ने कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td>४४३</td><td>२०७९-३-२४</td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष कार्यपालिकाको निर्णय अनुसार गाँउ सभामा अतिरिक्त समय काम गरे वापत ८ जनालाई तलवको १०० प्रतिशत का दरले जम्मा रू २,५४,६६०। प्रोत्साहन भत्ता खर्च लेखेको छ । प्रोत्साहन भत्ता उपलब्ध गराउदा पालिकाको आन्तरिक आय समेतलाई ख्याल गरी उपलब्ध गराउने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>फरक खर्च शिर्षक - एकिकृतआर्थिकसंकेततथावर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले निम्नाअनुसार फरक शिर्षकवाट खर्च गरेको देखिएकोले निम्न अनुसारको खर्च अनियमित देखिएको रू.
<table>
<tr><th>भौ.न.।मिति</th><th>खर्चको विवरण</th><th>वजेट खर्च</th><th>खर्च लेखेको शिर्षक</th><th>खर्च लेख्नुपर्ने शिर्षक</th></tr>
<tr><td>४४३-०७९।०३।२४</td><td>अत्तिरित्त भत्ता भुक्तानी</td><td>३२,५१०।</td><td>कर्मचारीको वैठक भत्ता</td><td>कर्मचारि प्रोत्साहन तथा पुरस्कार</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२,५१०।</td><td></td><td></td></tr>
</table>
</td><td>३२,५१०</td></tr>
</table>

<table>
<tr>
<td>७३</td>
<td></td>
<td></td>
<td>
बिजक नमिलेको - मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची-५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको बिभिन्न मितिका परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले बिभिन्न निर्माण व्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको व्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक यकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>बजेट उपशिर्षक</th><th>गो.भौ./मिति</th><th>व्यबसायीको नाम</th><th>बिजक नं/मिति</th><th>कुल भुक्तानी रकम</th><th>मु अ कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गा पा पूँजीगत</td><td>९६/०७८/९/१</td><td>सुभम कन्स्ट्रक्सन</td><td>नभएको</td><td>७०३९५७</td><td>८०९८६।२६</td><td>बिजक मिति र नं नभएको</td></tr>
</table>
</td>
<td>८०,९८६.२६</td>
</tr>
<tr>
<td>७४</td>
<td></td>
<td></td>
<td>
जरिवाना (विद्युत महशुल) - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि विद्युत महशुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू ८,८७०। भुक्तानी गरेको छ।यसरी जरिवाना सहित विधुत महशुल भुक्तानी गर्नु नियमित देखिएन रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.न./मिति</th><th>विद्युत महशुल रु.</th><th>जरिवाना रकम रु.</th></tr>
<tr><td>१</td><td>११८-२०७८।०८।०८</td><td>१३,७३१।</td><td>३,४३२।</td></tr>
</table>
</td>
<td>८,८७०</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| २ | २३१-२०७८।११।१६ | १३,८२०। | ३,४५५। |
| ३ | २३१-२०७८।११।१६ | ४,८४४। | ४८४। |
| ४ | ४२०-२०७९।०३।२० | ५,९९५। | १,४९९। |
| **जम्मा** | | | **८,८७०।** |

७५

**पकेट कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ को बुँदा नं. ४.१.४ अनुसारकार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनकोलागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथाउत्पादनमुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्रअनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगतिप्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतको व्यवस्था छ । पकेट कार्यक्रममा प्राप्त रकम र यस्तै किसिमका कार्यक्रम पालिकाले विनियोजन गरेको रकम देहायमोजिमका कृषक र कृषी सहकारी समुहहरुलाई भुक्तानी गरेको छ । खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसारपकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्तहुन सकेको भनि एकिन हुन सकिएन। अत कार्यक्रमसञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्चगर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| **क्र.स** | **गो भौ नं र मिति** | **पकेट कार्यक्रमको नाम** | **भुक्तानी पाउने कृषक समुहको नाम** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|---|
| १ | ३२५, २०७९/३/२४ | धान पकेट | विनावारी कृषि वहुउद्देश्यि सहकारी सस्था | २,५१,०००। |
| २ | २२६, २०७९/३/२६ | धान पकेट | अनमोल कृषि सहकारी सस्था | ६७,९८०। |
| ३ | २२७, २०७९/३/२४ | तरकारी पकेट | नवरङ्गी महिला विकास कृषि सहकारी सस्था | १,२४,५००। |
| ४ | २३१, २०७९/३/२४ | धान पकेट | राष्ट्रिय महिला कृषि तथा पशुपंक्षी उत्पादन सहकारी सस्था | २,८८,०००। |
| ५ | गापा पुजिगत ४५२, २०७९/३/२५ | गोठ सुधार | ८ जना कृषक | २,००,०००। |

| | | | | |
|---|---|---|---|---|
| ६ | गापा पुजिगत ४५१, २०७९/३/२५ | माछा भुरा | ४ जना कृषक | ५०,०००। |
| जम्मा | | | | ९,८१,४८०। |

| | | | | |
|---|---|---|---|---|
| | | | (माथिको तालिका) | |
| ७६ | २०७ | २०७८-११-१८ | **बढि भुक्तानी**- शिक्षा नियामावली ,२०५९ को नियम १७९ मा कुनै कामका लागि आवश्यकता भन्दा बढि रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानुन बमोजिम कारवाही गरि बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । पालिकाले कार्तिक महिनाको शिक्षकहरुको तलव भत्ता निकासा गर्दा मिति २०७८/०७/२१ मा अवकाश भएका दुर्गा राष्टिय आ. वि का प्रा. वि दृतिय शिक्षक श्री केदारनाथ रानाको पुरै महिनाको रकम विद्यालयको खातामा निकासा भएको हुँदा बढी निकासा भएको १० दिनको तलव भत्ता वापतको रकम रु.१४,८२७। असुल गरी बेरुजु खातामा जम्मा गर्नु पर्ने रु. | १४,८२७ |
| ७७ | २२१ | २०७९-२-५ | **न्यानो झोला**- स्थानीय तहको कार्यक्रम संचालन मार्गदर्शन,२०७८ ले न्यानो झोला आपुर्ति भै सकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । यस पालिकाले मातृ तथा नव शिसु कार्यक्रम अन्तर्गत आम सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमबाट न्यानो झोला व्यवस्थापनका लागि रु.७९६।४७ का दरले ५०० वटा न्यानो झोला मु .अ कर सहित रु.४,९४,९९९। मा खरिद गरेको पाईयो ।पालिकाले खरिद गरेका न्यानो झोला स्पेशिफिकेशन र गुणस्तर बमोजिमका थिए थिएनन खुल्ने प्रमाण प्राप्त नगरेकोले खरिद गरिएका न्यानो झोला गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन । साथै न्यानो झोला बितरण गरी उपयोग गरेको सुनुश्चित हुने प्रमाण कागजात समेत रहेका पाइएन । यस सम्बन्धमा सुधारका लागि पालिकाको ध्यान जान आबश्यक देखिन्छ । | |
| ७८ | | | **दिवा खाजा** - आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७८।०६।३१ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल १६ विद्यालयका लागि दिवा खाजा बापत रु,४७,९०३,५१। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खाने कुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको देखिएन । जसबाट राज्यले गरेको लगानीको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन त्यसैले पालिका र यस सँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ । | |
| ७९ | | | **संख्या एकिन नभएको** - | |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजा वापतको रकम अनुदानका लागि स्थानीय तहले दिवा खाजा उपलब्ध गराईएका विद्यालयहरुको विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्यामा एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने र तेस्रो चौमासिक निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिक निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चता गर्ने उल्लेख छ ।पालिकाले विद्यालयका प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट प्रमाणित गराएको विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी संकलन नगरी र विद्यार्थी संख्या पनी एकिन नगरी विद्यालयको खातामा रकम निकासा गरेको पाईयो ।पालिकाले कार्यन्यन पुस्तिकाको कार्यवन्यमा जोड दिई विद्यार्थी संख्या एकिन गरी अनुदानको सदुपयोगको सुनिश्चित हुनुपर्दछ । | |
| ८० | | | **आमा सुरक्षा कार्यक्रम**- संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी निर्देशिका अनुसार आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वियन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । कार्यक्रम सञ्चालन मार्गदर्शनको क्रियाकलाप नं ७ को ३ मा सि.नं.२.१ अनुसार स्थायी अनमी कार्यरत वर्थिङ सेन्टरमा महिनामा प्रति अनमी औसत ५ वा सो भन्दा कम प्रसुति भएको खण्डमा त्यस्ता वर्थिङ्ग सेन्टरमा करारको अ.न.मी. खटाउन नपाउने व्यवस्था छ । शंकरपुर स्वास्थ्य चौकिमामा २ जना स्वास्थ्यकर्मी करारमा नियुक्त गरिएकोमा बार्षिक (७४) जना अर्थात वार्षिक प्रति अनमी ६० भन्दा कम ( प्रति अनमी मासिक औषत ५ भन्दा कम ) प्रसुति हुने गरेको तथ्याङ्क रहेको छ । पालिकाले उल्लेखित संस्थामा समेत अनमी करारमा खटाइ तलब भुक्तानी गरेको पाईएकोले यस्तो कार्यमा सुधार गरी मार्गदर्शनले तोकेको प्रक्रियाका आधारमा वर्थिङ्ग सेन्टरमा करार अ.न.मी. खटाउने कार्य गर्नुपर्दछ । | |
| ८१ | १३८ | २०७९-२-९ | **बढी निकासा** - आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार विद्यालयमा विद्यार्थी संख्याका आधारमा निकासा गर्ने, सबै अनुदान उपलब्ध गराउँदा विद्यालयले प्रविष्ट गरेको EMIS तथ्यांकको आधारमामात्र उपलब्ध गराउने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म अध्यनरत छात्रा र दलित छात्रहरुको छात्रवृति कार्यक्रममा सरस्वती मा.वि छोटिपर्सियालाई अनुदान दिँदा EMIS तथ्यांकको भन्दा ५ जना छात्राको रकम बढी भुक्तानी दिएको हुँदा रु.४००। का दरले ५ जना छात्राको बढी निकासा भएको रकम असुल गरी दाखिला गर्नु पर्ने रु. | २,००० |
| ८२ | १६१ | २०७९-३-७ | **औपचारिक तथा वैकल्पिक शिक्षा** - कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच शुनिश्चितता, औपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत अनौपचारिक पौढ विद्यालय अनुदान कार्यक्रममा स्थानीय तहले पौढका लागि सञ्चालित अनौपचारिक वा वैकल्पिक विद्यालयहरुको विवरण स्थापना मिति सञ्चालित कक्षा विद्यार्थि संख्या र सञ्चालनको अवस्था सहितको शिक्षा विकास तथा समन्वय ईकाइबाट समेत एकिन भई आएपछि मात्र सम्वन्धित विद्यालयको मागको आधारमा सहजकर्ताको पारिश्रमिक तथा शिक्षण सिकाइका लागि आवश्यक जनशक्तिका लागि एकमुष्ट विद्यालयको खातामा अनुदान दिने उल्लेख छ । पालिकाले शैक्षिक पहुँच शुनिश्चितता, औपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमबाट तपशिल बमोजिमका विद्यालयको खातामा रकम निकासा गरेकोमा विद्यालयको स्थापना, मिति, | ७००,००० |

<table>
<tr><td></td><td></td><td></td><td>सञ्चालित कक्षा ,विद्यार्थि संख्या र सञ्चालनको अवस्थाका वारेमा एकिने हुने कागजात संलग्न नरहेको हँदा एकिन हुन नसकिएकोले यथार्थता एकिन हुनुपर्ने रु.

<table>
<tr><td>क . स</td><td>विद्यालयको नाम</td><td>रकम रु.</td></tr>
<tr><td>१</td><td>शिद्धबैजनाथ अनौपचारिक पौढ विद्यालय</td><td>५,००,०००।</td></tr>
<tr><td>२</td><td>देखतमुली सामुदायिक अध्यन केन्द्र</td><td>२,००,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७,००,०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८३</td><td>२१४</td><td>२०७९-३-२३</td><td>स्यानिटरी प्याड - सार्वजनिक खरिद नियमावली ,२०६४ को ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यका लागि मणिलेक मेडिसिन डिष्टिब्युटर्सबाट रु.४४। का दरले २०,५०० थान खरिद गरी पालिकाभरिका विद्यालयलाई वितरण गरेको देखियो । स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिएबमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितकोअभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनुपर्ने ,गुणस्तर परीक्षण गर्नुपर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । त्यस्तै एकै प्रयोजनकालागि बिभिन्न पालिकाले खरिदगरेको स्यानीटरी प्याडको मुल्यमा स्पष्ट कारण बेगर मुल्यमा ठुलो अन्तरदेखिएको तथा निर्देशिका बमोजिम तोकेको प्रकृया पुरा भएको नदेखिनु मनासिब देखिएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>विद्यालय अनुदान - कार्यन्यवन कार्यन्वयन पुस्तिका २०७८/७९ अनुसार विद्यालयलाई दिने अनुदान दिँदा विद्यार्थि संख्याका आधारमा दिई पालिकाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट विद्यालयको खातामा निकासा भएको देहाय बमोजिमको अनुदानको अनुगमन गरेको नपाइएकोले अनुदानको उपयोग सम्वन्धमा विश्वस्त हुने अवस्था नरहेको हुँदा यसमा पालिकाले ध्यान दिनु पर्दछ ।

<table>
<tr><td>क .स</td><td>विद्यालयको नाम</td><td>कार्यक्रमको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>भानु मा.वि , लालझाडी</td><td>राष्टपति शैक्षिक सुधार कार्यक्रम</td><td>६,५०,०००।</td></tr>
<tr><td>२</td><td>बैजनाथ बालज्योती आ.वि लालझाडी</td><td>राष्टपति शैक्षिक सुधार कार्यक्रम</td><td>६,५०,०००।</td></tr>
<tr><td>३</td><td>शारदा मा.वि नौरंगी</td><td>राष्टपति शैक्षिक सुधार कार्यक्रम</td><td>६,५०,०००।</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>स्वतन्त्र मा. वि पर्सिया</td><td>राष्टपति शैक्षिक सुधार कार्यक्रम</td><td>६,५०,०००।</td></tr>
<tr><td>५</td><td>रामेश्वर मा .वि चानदेव</td><td>राष्टपति शैक्षिक सुधार कार्यक्रम</td><td>६,५०,०००।</td></tr>
<tr><td>६</td><td>शिद्धवैजनाथ आ.वि छोटोभाकल</td><td>राष्टपति शैक्षिक सुधार कार्यक्रम</td><td>६,५०,०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३९,००,०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम — स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगारकार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन ।<br><br>• पालिकाले अत्याधिक संख्यामा योजना छनौट गरेको पाईयो ।<br>• सूचिमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरेको छैन ।<br>• रोजगार कार्यक्रमको लागि प्राप्त भएको पुरै बजेट खर्च गर्न नसकेको हुँदा न्युन रोजगारी सिर्जना भएको छ ।<br>• १०० दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी केही श्रमिकले १५ दिन सम्मको मात्र रोजगारी प्राप्त गरेको पाईयो ।<br>• श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट -रु.५७७।_ मात्र प्राप्त गर्ने भएको हुँदा कतिपय व्यक्ति काम गर्न अनिच्छुक रहेको ।<br>• पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएको अबस्था रहेको ।<br>यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक निर्माण, ड्याम निर्माण, माटो पटानी, नदीमा जैविक तटवन्ध र बाटो चौडाई लगायतका २३ कार्यक्रम तथा योजना सञ्चालन गरी यस वर्ष २३० जनालाई रोजगारी उपलव्ध गराई रु.६५,७६,३९४। खर्च गरेको छ । लक्षित वर्गलाई १५ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।यस तर्फ सुधारका लागि सरोकारवाला सवैको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त</td><td>२७,६००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.२,७६,००,०००। निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु. | |

| क.स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री भानु मा.वि ,लालझाडी ,२ कुञ्ज | १,५०,००,०००। |
| २ | श्री सरस्वती मा.वि ,लालझाडी ,३ छोटिपर्सिया | ३६,००,०००। |
| ३ | श्री बैजनाथ बहुभाषिक आ .वि ,लालझाडी | ३६,००,०००। |
| ४ | दुर्गा राष्ट्रिय आ वि, लालाझाडी ,१ बिनबारी | १८,००,०००। |
| ५ | श्री शारदा मा.वि ,नौरंगी | ३६,००,०००। |
| जम्मा | | २,७६,००,०००। |

| | | | | |
|---|---|---|---|---|
| ८७ | | | **कृषी सामाग्री वितरण -** पालिकाले बिभिन्न सामाग्री वितरण गर्दा वितरित सामानको उच्चतम सदुपयोग हुने गरी आबश्यक प्रमाण कागजात लिएर वितरण गर्ने व्यबस्था हुनुपर्दछ । तर यस कार्यक्रमबाट बिभिन्न बडाका स्थानीय बासिन्दालाई तरकारी, फलफूल तथा खाद्यान्नका बिउ, बिजन र बेर्नाहरु बितरण गरेको सुनिश्चित हुनका लागि सम्बन्धित सबै लाभग्राहीको परिचय गराउने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस लिने गरेको पाइएन । यसका अतिरिक्त त्यस्ता सामान वितरण गर्दा बुझिलिने व्यक्तिको के कति जग्गा जमिन छ सो खुलाउने गरेको पाइएन । उल्लेखित व्यहोरा खुल्ने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस नलिई काम सम्पन्न गर्दा बितरित समान तोकिएको उदेश्य अनुसार गुणस्तरयुक्त सामान प्राथमिकताका आधारमा उच्चतमा सदुपयोग हुने गरी विबरण गरेको छ भन्ने अबस्था रहेन । यस्तो प्रकारले वितरण गर्ने कार्यमा सुधार हुनुपर्दछ । | |
| ८८ | | | **प्रतिवेदन तयार**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ (७) तलिम सेमिनार ,गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च , खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सेमिनार, गोष्ठी ,कार्यशाला र तालिमहरुको भुक्तानी दिंदा तालिमबाट लाभान्वित व्यक्तीको संख्या, खरिद गरिएका मालसामान र विषय वस्तुको वारेमा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार गरेको पाईएन । नियमावलीमा व्यवस्था अनुसार तालिम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुल्ने गरी प्रतिवेदन तयार गरी स्विकृत नगराउनु मनासिब | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>देखिएन । पालिकाले संचालन गरेका तालिम ,गोष्ठी तथा अभिमुखिकरण कार्यक्रम संचालन गरी प्रतिबेदन स्वीकृत नगरेको केही उदाहरण निम्न छन ।<br>
<table>
<tr><th>क्र स</th><th>गो भौ नं र मिति</th><th>तालिमको नाम</th><th>भुक्तानी लिनेको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>१९१, २०७९/३/२०</td><td>नाक कान घाटी सम्वन्धी अधिमुखिकरण कार्यक्रम</td><td>उमेश शाहु</td><td>११०,२००।</td></tr>
<tr><td>२</td><td>१३६, २०७९/२/५</td><td>मातृ तथा नव शिसु कार्यक्रम</td><td>यज्ञ वहादुर धामी</td><td>२,०६,८००।</td></tr>
<tr><td>३</td><td>१३७, २०७९/२/५</td><td>पालिका स्तरमा खोप र सरफाई कार्यक्रम</td><td>यज्ञ वहादुर धामी</td><td>४४,४९५।</td></tr>
<tr><td>५</td><td>११७, २०७९/१/१४</td><td>टाईफाइट खोप अभियान सम्वन्धी कार्ययक्रम</td><td>यज्ञ वहादुर धामी</td><td>२,१४,४५०।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५,७५,९४५।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८९</td>
<td></td>
<td></td>
<td>औषधी खरिद– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले पत्रिकामा प्रकाशन र सोझै गरी पटक पटक रु.४०,४७,९८८। को औषधि खरिद गरेको देखिएको छ ।औषधि खरिद गर्न प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी खरिद गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छनः<br><br>
· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>
· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा एकिन नभएको,<br>
· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>·म्याद समाप्त भएका औषधीहरु समयमै डिस्पोज गर्ने गरेको पाईएन ।<br>·पालिकाले खरिद गरेका र अन्य निकायबाट प्राप्त औषधीहरु मातहतका स्वास्थ्य इकाईहरुमा पठाउने गरेकोमा औषधिको खपत गरिसक्नुपर्ने अवधीमा उपभोग भए भएनन त्यसको अनुगमन मूल्यांकन नगरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९०</td><td>१२३</td><td>२०७९-१-१९</td><td>पाठ्यपुस्तक अनुदान - आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९अनुसार विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान वापतको रकम निकासा गर्दा एकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी उपलब्ध गराउने उल्लेख छ । पालिकाले सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम पालिका भित्रका १३ वटा विद्यालयहका कक्षा ८ का ४७७ जना विद्यार्थिको लागि रकम निकासा दिँदा पाठ्यक्रम विकास केन्द्रले तोकेको दर भन्दा वढी दरले निकासा दिएको हुँदा तपशिल बमोजिमको बढी निकासा भएको निशुल्क पाठ्यपुस्तक वापतको रकम असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>क्र.स</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>बढी दर रु.</th><th>असुल गर्नु पर्ने रकम</th></tr>
<tr><td>१</td><td>भानु ,मा.वि कुञ्ज</td><td>५१</td><td>१०२।</td><td>५२०२।</td></tr>
<tr><td>२</td><td>सरस्वती ,मा. वि छोटिपर्सिया</td><td>४१</td><td>१०२।</td><td>४१८२।</td></tr>
<tr><td>३</td><td>शारदा ,मा .वि नौरंगा</td><td>७९</td><td>१०२।</td><td>८०५८।</td></tr>
<tr><td>४</td><td>स्वतन्त्र ,मा. वि पर्सिया</td><td>२६</td><td>१०२।</td><td>२६५२।</td></tr>
<tr><td>५</td><td>रामेश्वर मा .वि चानदेव</td><td>५६</td><td>१०२।</td><td>५७१२।</td></tr>
<tr><td>६</td><td>बैजनाथ बालज्योती ,आ. वि वाणी</td><td>२८</td><td>१०२।</td><td>२८५६।</td></tr>
<tr><td>७</td><td>राष्ट्रिय बहुभाषिक , आ .वि देखतभुल</td><td>३०</td><td>१०२।</td><td>३०६०।</td></tr>
<tr><td>८</td><td>बैजनाथ ,मा .वि सिकलपट्टी</td><td>५९</td><td>१०२।</td><td>६०१८।</td></tr>
<tr><td>९</td><td>बैजनाथ बहुभाषिक , आ. वि</td><td>४६</td><td>१०२।</td><td>४६९२।</td></tr>
</table></td><td>४८,६५४</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>शंकर ,आ. वि नन्दगाँउ</td><td>८</td><td>१०२।</td><td>८१६।</td></tr>
<tr><td>११</td><td>पुर्णिमा ,आ. वि वल्मी</td><td>१९</td><td>१०२।</td><td>१९३८।</td></tr>
<tr><td>१२</td><td>शिद्दबैजनाथ , आ. वि छोटोभाकल</td><td>१२</td><td>१०२।</td><td>१२२४।</td></tr>
<tr><td>१३</td><td>दुर्गा राष्टिय , आ .वि विनवारी</td><td>२२</td><td>१०२।</td><td>२२४४।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४८,६५४।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>
शिक्षक विद्यार्थी अनुपात - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका १६ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार केही विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।
<table>
<tr><th>सि.न.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>विद्यार्थी संख्या</th><th>शिक्षक विद्यार्थी अनुपात</th></tr>
<tr><td>१</td><td>स्वतन्त्रमा .वि ,पर्सिया</td><td>९</td><td>९</td><td>१७२</td><td>१:१९</td></tr>
<tr><td>२</td><td>शंकर आ.वि ,नन्दगाँउ</td><td>३</td><td>३</td><td>८०</td><td>१:२७</td></tr>
<tr><td>३</td><td>शारदा राष्टिय मा. वि ,नौरंगा</td><td>११</td><td>११</td><td>७१६</td><td>१:६५</td></tr>
<tr><td>४</td><td>जनचेतना आ .वि ,जाइँजाल</td><td>२</td><td>२</td><td>३००</td><td>१:१५०</td></tr>
</table>
यस पालिकामा रहेका विद्यालयहरुमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१९ देखि १:१५० सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: भौगोलिक दुरी टाढा भएमा वाल विकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>बिजक नमिलेको -</td><td>८०,९८६.२६</td></tr>
</table>

मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची-५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको बिभिन्न मितिका परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले बिभिन्न निर्माण ब्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको ब्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक यकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु.१,७२,७९२।

| क्र.सं. | बजेट उपशिर्षक | गो.भौ./मिति | व्यबसायीको नाम | बिजक नं/मिति | कुल भुक्तानी रकम | मु अ कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गा पा पूँजीगत | ९६/०७८/९/१ | सुभम कन्स्ट्रक्सन | नभएको | ७०३९५७ | ८०९८६।२६ | बिजक मिति र नं नभएको |

९३

**बढि भुक्तानी -** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ति सिमिति वा लाभग्राही समुदायलेहरेक किस्ताको कामको प्राविधिक मूयाङ्कन,विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात यस्तोसमिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ताले ग्राभेल सडक निर्माण गरी रकम भुक्तानी लिएको केही भुक्तानी सम्बन्धि भौचर परीण गर्दा उपभोाक्तालेखरिद गरेको ग्राभेल र सबन्धित विलभन्दा कार्यसमपन्न प्रतिवेदनमा उल्लेखित परिमाण घटी देखिन आयो । उपभोक्तालाई ग्राभेलको कामको भुक्तानी दिदा ग्राभेल बिछयाए पछि नाप जाचँ गरि भुक्तानीदिनुपर्नेमा खरिद विलको आधारमा भुक्तानि दिएकोले प्राविधिक विलमा भुक्तानि दिएको परिमाण कम भई बढि भुक्तानि भएको देखियो । बढि भुक्तानि दिएको रकम सम्बन्धमा यकिन गरी सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

१९०,९८१

(कम्प्याक्सन पछिको ग्राभेल=खरिद गरिएको ग्राभल/ १.२८ घ.मि.)

| **गो.नं।मिति** | **उपभोक्ता समितिको नाम** | **खरिद परिमाण घ.मि.** | **हुनुपर्ने परिमाण घ.मि.** | **बिलमा उल्लेखित परिमाण घ.मि.** | **बढि परिमाण घ.मि.** | **दर रु** | **रकम रु** |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२२।२०७८।९।२७ | डि बि स्मृति सडक मार्ग | २०० | २१७.९२ | १७०.२५ | १४ | १९६५.९४ | २७५२३ |
| १८०।२०७८।११।१६ | पिपरमण्ड ताल देखी भुईया हुँदै नया कुला सम्म सडक स्तरोन्नती | २६२ | २८८ | २२५ | २०.३ | १९२७.२८ | ३९१२३ |
| १९४।२०७८।११।१८ | कसवा ट्रान्सफरमर देखि पुरानो चौकि सम्म सडक स्तरोन्नती | २०९.८६ | २७०।७२ | २११.५ | ४७.५ | १९३१.२८ | ९१८२६ |
| २०८।२०७८।११।२३ | गोपाल महराको घर देखि दक्षिण गोविन्द महराको घर सम्मको सडक स्तरोन्नती | ३४० | ३६६ | २८६.२ | २०.९५ | १५५१.७६ | ३२५०९ |
| जम्मा | | | | | | | १,९०,९८१ |

९४ **घटी राजश्व जम्मा** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्ने उल्लेख छ । यस पालिकाले Vibrator Roller भाडामा प्रतिघण्टा रु.१,५००। का दरले लगाउने गरेको पाइयो ।उक्त दरमा Vibrator Roller भाडामा लागाउँदा सडक विभागको नर्म्स अनुसार माटो कम्प्याक्सन ०.०२ घण्टा प्रति घनमिटर र वालुवा कमप्याक्सन गर्दा ०.०४ घण्टा प्रतिघनमिटर लाग्ने देखिन्छ । तर पालिकाले उक्त कार्यवापत सडक विभागको नर्म्स अनुसार लाग्ने भन्दा न्यून घण्टा कार्य गराएको देखिन्छ । जसले गर्दा पालिकालाई प्राप्त हुनुपर्ने वास्तविक राजस्व प्राप्त गरेको अबस्था देखिदैन । लेखापरीक्षणबाट देहाएका उपभोक्ता समितिको कार्यबाट वास्तविक भन्दा कम असुल भएको रकम सम्बन्धमा बास्तबिकता यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रु ६५,२३५

| **गो.नं।मिति** | **उपभोक्ता समितिको नाम** | **कार्यको परिमाण घ.मि.** | **नर्मस अनुसारको समय (घण्टा)** | **बिलमा उल्लेखित समय घण्टा** | **फरक परेको समय** | **दर रु.** | **रकम रु.** |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९९।०७८।११।१२ | बैजनाथ टोल सडक स्तरोन्नती | १९१.४१ माटो | ३.८२ | २.२ | ७.९२ | १५००। | ११८८०। |
| | | १५७.५ वालुवा | ६.३ | | | | |
| २७५।०७८।१२।३० | रामचन्द्र रानाको भट्टा देखि बुझिया हुँदै होरी सम्मको बाटोमा | ६९०.३ माटो | १३.८ | २.५ | १८.५९ | १५००। | २७८८५। |
| | | १८२.२५ वालुवा | ७.२९ | | | | |
| २७६।०७८।१२।३० | पधनाको वगिया देखि दोदा नदि सम्म बाटो निर्माण | ३३९.६ माटो | ६.७९ | ३.३ | ११.९८ | १५००। | १७९७०। |
| | | २१२.२५ वालुवा | ८.४९ | | | | |
| २९०।०७९।१।११ | रामेश्वर मार्ग सडक स्तरोन्नती | १३६.५८ माटो | २.७३ | ३.३ | १६.३ | १५००। | २४५३८। |
| | | २८२.१५ वालुवा | १६.९२ | | | | |
| जम्मा | | | | ११.३ | ५४.७९ | १५००। | ६५२३५। |

| | | | | |
|---|---|---|---|---|
| ९५ | | | **नर्म्स भन्दा बढी भुक्तानि-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको नापजाँच गर्दा वास्तविक दर भन्दा बढी दरको कार्य उल्लेख हुन गइ भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु | ८४,७७३ |

| भौ नं।मिति | योजना तथा उपभोक्ता समितिको नाम | | वास्तविक दर प्र. घ .मि. रु | बढी भुक्तानी दर रु | कार्य परिमाण घ.मि. | बढि भुक्तानी भएको रकम रु |
|---|---|---|---|---|---|---|
| १२१।०७८।९।२७ | देउखुरी मार्ग सडक स्तरोन्नती | | १८८८.१३ | ७७.८ | २७० | २१००६। |
| १४७।०७८।१०।१७ | वागवाणी टोल सडक स्तरोन्नती | | १८८८.१३ | ७७.८ | १६५ | १२८३७। |
| १५८।०७८।१०।२४ | बाटुली चोक देखि पूर्व जाने बाटोमा निर्माण | | १९६६.०६ | ७७.८ | २६६.२५ | २०७१४। |
| १७०।०७८।१०।२६ | वाणा नाला मार्ग र शम्भु चोक देखि पश्चिम बाटो निर्माण | | १९६६.०६ | ७७.८ | १६२ | १२६०३। |
| १८०।०७८।११।१६ | पिपरमण्ड ताल देखी भुईया हुँदै नया कुलो सम्म सडक स्तरोन्नती | | १८४९ | ७८.२८ | २२५ | १७६१३। |
| | जम्मा | | | | | ८४७७३। |

९६

**पाइप बितरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायल कुनै विल विजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ। पालिकाले सम्झौता, नापी किताब संलग्न नगरि देहायबमोजिमको कार्यक्रमबाट विभिन्न साइज का ह्युमपाइप खरिद गरि वितरण गरेको देखिएकाले खरिद भएका पाइप जडान भए नभएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएन, सालबसाली रुपमा पाइप खरिद गरि विभिन्न व्यक्तिहरुलाई बाढ्ने प्रवृत्तिले कार्यालयलाई थप आर्थिक भार पर्ने हुनाले यस्ता कार्यहरु नियन्त्रण गर्नुपर्दछ ।

| भौ।नं।।मिति | आपुर्तक | साइज | सामाग्रि विवरण | रकम रु |
|---|---|---|---|---|
| २७३।२०७८।१२।३० | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | NP3 900 mm | | ४७९९०२। |
| | | NP3 600 mm | | |
| ६६।२०७८।८।१५ | विशाल ह्युम पाइप उद्योग | NP3 900 mm | ७ थान | २४४७३५।४ |
| | | NP3 600 mm | १२ थान | २४४२१५।६ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११२।२०७८।९।२१</td><td>मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग</td><td>NP3 900 mm</td><td>६५आर.एम</td><td>४७७४२५।</td></tr>
<tr><td></td><td></td><td>NP3 600 mm</td><td>६० आर.एम</td><td>२३७३००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६,८३,५७८।०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९७</td><td></td><td></td><td>लैंगिक उत्तरदायी बजेट - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । पालिकाले लैंगिक उत्तदायी बजेट निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि केदार ग्रामिण विकास समाज नामको गैरसरकारी संस्थासँग सम्झौता गरि कार्यक्रम सञ्चालन गरे बापत उक्त संस्थालाई रु २,९९,६७६। भुक्तानि दिएको देखिन्छ । यस कार्यक्रम सञ्चालन गर्न नसक्ने कुनै कारण उल्लेख नगरि उक्त गैरसरकारी संस्थालाई कार्यक्रम सञ्चालन गर्न सम्झौता गरेको र उक्त संस्थासँग सम्बन्धित विषयको विज्ञ भए नभएको र उक्त संस्थाले यस प्रकारको कार्यक्रम सञ्चालन गरेको कुनै पूर्वयोग्यता भए नभएको समेत यकिन नगरि कार्यक्रम सञ्चालनका लागि सम्झौता भएको पाइन्छ । यसरी कुनै योग्यता परिक्षण नगरि कार्यालयले नै सञ्चालन गर्न सक्ने कार्यक्रम अन्य संस्थाबाट संचालन गराउनु उपयुक्त देखिएन । यस्ता कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९८</td><td></td><td></td><td>अधुरो भवन/संरचना निर्माण -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३क) मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा खरिदको आवश्यकता पहिचान गरी पूर्ण खरीद प्रकृया अवलम्बन गरी खरिद कार्य स्वीकृति गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले देहायको भवन/संरचना निर्माणका लागि भुक्तानी गरेको रकमको संलग्न फाँटवारी अनुसार भवनको डि.पि.सि, पिल्लर लगायतको आंशिक संरचना निर्माणको मात्र सम्झौता भई सोही अनुसार कार्य सम्पन्न प्रतिबेदन पेश भएको छ ।भवन निर्माण जस्तो जटिल संरचना निर्माणको स्रोत समेत सुनिश्चित नभएको अवस्थामा, केही अंशमात्र निर्माण गरेर छोड्ने र सो भवनको अधुरो संरचना खडा गरी उपयोगहिन अवस्था श्रृजना भई सरकारी श्रोत साधनको नोक्सानी हुने अवस्था विद्यमान रहेको छ । आंशिक संरचनामात्र निर्माणका लागि न्यून बजेट बिनियोजन गरी काम गराउनु र निर्माण कार्य गरिएको जमिनको स्वामित्व सम्बन्धित संस्थाको नरहनुले निर्माण सम्पन्न संरचनामा लगानी भएको रकम जोखिममा पर्न सक्ने देखिएकाले उक्त खर्च मनासिब देखिएन। रु.
<table>
<tr><th>भौ.नं/मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td colspan="3">गा पा पूँजीगत</td></tr>
<tr><td>१८६/२०७८/११/१६</td><td>डाङजाई शिव मन्दिर धर्मशाला निर्माण</td><td>१९२२३५।</td></tr>
<tr><td colspan="3">प्रदेश पर्यटन पूर्वाधार विकास कार्यक्रम</td></tr>
</table>
</td><td>३,३५६,०२३</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४/२०७९/३/२४</td><td>प्रकाश मण्डली भवन निर्माण</td><td>९७२९१०।</td></tr>
<tr><td>१२/२०७९/३/२५</td><td>जाई चर्च जलाशिविर भौतिक पूर्वाधार निर्माण</td><td>३५६८३०।</td></tr>
<tr><td>१३/२०७९/३/२५</td><td>विजय गलिल आशिष चर्च डाँडाजाई</td><td>४१५३७५।</td></tr>
<tr><td>१४।२०७९/३/२५</td><td>अर्चनाबाबा अधुरो भवन निर्माण</td><td>४५२९६३।</td></tr>
<tr><td>१६।२०७९/३/२५</td><td>हेब्रोन मण्डली भवन निर्माण</td><td>६२८००६।</td></tr>
<tr><td>१७।२०७९/३/२५</td><td>करुणा चर्च भुली भवन निर्माण</td><td>१८१९७२।</td></tr>
<tr><td>१९।२०७९/३/२५</td><td>शिवात्मा सामुदायीक भवन निर्माण करुवा</td><td>१५५७३२।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९९</td><td></td><td></td><td>शिव पार्वती मन्दिर निर्माण- प्रदेश पर्यटन पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ७ (३) मा समितिले आयोजना छनौट गर्दा संभव भए सम्म एक आर्थिक बर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका सहित आर्थिक मामिला तथा योजना मन्त्रालय र आयोजना कार्यान्वयन हुने स्थानीय तहका प्रत्येक बर्षको मंसिर १५ भित्र पठाइसक्नु पर्ने उल्लेख छ । यस पालिका अन्तर्गतको शिव पार्वती मन्दिर निर्माण कार्य प्रदेश पर्यटन कार्यक्रम कार्यान्वयन इकाइबाट कूल लागत रु.९,४५,६१५।६१ मा रु.८,५०,०००।व्यहोर्ने र २०७९।३।२० मा काम सम्पन्न गरिसक्ने सम्झौता भएको देखिन्छ । सुदूरपश्चिम प्रदेश मन्त्रिपरिषदको २०७९।३।७ को बैठकबाट बजेट रकमान्तर गरि भुक्तानी पाउने रकम उपलब्ध गराउने निर्णय भए अनुसार पर्यटन इकाइले २०७९।३।२३ गाउँपालिकालाई उक्त कामको भुक्तानि दिन पत्राचार गरेको आधारमा पालिकाले नाँप जाच नगरी निकासा रकमबाट भुक्तानि दिएको देखिन्छ ।निर्माण कार्यका लागि आबश्यक सबै प्रकृया अन्य निकायबाट गरि पालिकाबाट भुक्तानी दिने कार्य मात्र गर्नु मनासिब देखिदैन ।निर्माण चरणमा गर्ने काम एक निकायले गरी भुक्तानीका लागि अन्य निकायमा पठाउनुले आर्थिक अनुशासन कायम गर्न सहयोग नपुर्याउने हुँदा जुन निकायबाट ठेक्कापट्टा र नापजाँच भएको छ सोही निकायबाट भुक्तानी दिने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१००</td><td></td><td></td><td>गत आ.ब को भुक्तानि - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.१,२३,१४,६२०। हिम सागर/प्रेम डेभलपर्स ग्रुप जे.भि.लाई वडा नं २ मा खर्रानाला पक्की पूल निर्माण कार्यको समपुरक तर्फ संघले रकम निकासा नगरेको कारणले गत बर्ष भुक्तानी दिन नसकेको कारण जनाई यस बर्ष भुक्तानी दिएको छ। संघीय सरकारको श्रोतबाट भुक्तानी दिने रकमका लागि समयमै निकासा लिई भुक्तानी दिने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
</table>

१०१

**नन्फाइलर—** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.३४,४७६। समेत रु.२,९९,६७६। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **नन्फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|
| १०६।०७९।९।११ | केदार ग्रामिण विकास समाज नेपाल | ३०१५०९००४ | २९९६७६ | ३४४७६ | २०७८।१।१ |
| | **जम्मा** | | २९९६७६।० | ३४४७६।० | |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले भुक्तानी दिएको रकम सम्बन्धित कर कार्यालयमा समायोजन गरी मु अ कर समयोजन भएको सुनिश्चित नभएकोले भुक्तानी दिएको रकम सम्बन्धित निकायमा समायोजन गरेको प्रमाण पेश हुन नसके भुक्तानी दिएको मु अ कर हुनुपर्ने रु.

३४,४७६

१०२

**कार्य सम्पन्न प्रतिवेदन** -सार्वजनिक खरिद नियमावली, २०६४कोनियम१२५(२)मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।यसमा सुधार हुनुपर्दछ ।

| **गोभौनं./मिति** | **योजनाको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| ३५६।२०७९।३।७ | बहुउद्देश्यीय नर्सरी स्थापना | १०००००। |
| ३९४।२०७९।३।१६ | वडा नं १ मा कान्जी हाउस निर्माण | ६८९९७। |
| ४५२।२०७९।३।२५ | ५० प्रतिशत अनुदानमा गोठ सुधार | २०००००। |
| | **जम्मा** | ३,६८,९९७। |

१०३

**पूँजीगत बजेटबाट चालु खर्च —**

<table>
<tr><td></td><td></td><td></td><td>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्च बापत विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१,७०,९३,०२६। भुक्तानी दिएको पाईयो, जुन कुल पूँजीगत खर्च (सशर्त सहित) रु.१९,४९,६५,४९३।को ८.८ प्रतिशत र गाउँपालिकाको पूँजीगत खर्च (सशर्त बाहेक) १२,८७,११,०९१। को १३. २८ प्रतिशत हुने देखिन्छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>परामर्श सेवा -<br><br>सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाखरिद गरी रु.१,२६,३५,०००।खर्च लेखेको छ ।<br>पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा लागत अनुमान कै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता भएको समेत देखिएन भने प्राप्त प्रतिवेदन सम्पत्तीको रुपमा आम्दानी जनाएको समेत देखिएन ।<br><br>
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत लागत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>वडानं. ६, चान्देवमा खानेपानी आयोजनाको DPR</td><td>भिजनरि डिजाइन प्रा.लि.,शंखमुल ,काठमाण्डौं</td><td>७७७</td><td>७७४</td><td>७३२९१</td></tr>
<tr><td>चान्देव बजार देखि गाउपालिका कार्यालयसम्म जोडने सडक को</td><td>पेशो कन्सल्टेन्ट प्रा. लि.,शंखमुल,काठमाण्डौ</td><td>७६०</td><td>७५७</td><td>४१६३२,</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| विस्तृत आयोजना प्रतिबेदन | | | | |
| गाउँपालिका स्तरिय यातायात गुरुयोजना (RMTMP) | म्यापर्स नेपाल प्र्रा.लि ,न्यु बानेश्वर काठमाण्डौं | १४९७ | १४८३ | - |
| लालझांडी रंगशालाको विस्तृत आयोजना प्रतिबेदन (DPR) | बागेस्वरी सिभिल कन्सल्ट प्रा. लि, शंखमुल काठमाण्डौं | - | ११९४ | ३००६८३ |
| ईटाहाबाबा धाम गुरुयोजना निर्माण | सेभ.द प्लानेट प्रा. लि, टोखा -०८ काठमाण्डौं | ९९६ | ९८५ | १२३६२६ |
| लालझाडी गाउपालिकाको वडा स्तरीय नक्सा किताब तयार गर्नु | ऐडोन ईन्जिनियरिङ्ग सोलुसन प्रा.ली.,बुद्दनगर-काठमाण्डौं | ९९६ | ९९० | - |
| गाउँपालिका प्रशासकिय भवनको विस्तृत आयोजना प्रतिबेदन— DPR | इभरसेफ इन्जिनियरिङ कन्सल्टेन्सी प्रालि, बालुवाटार-०४, काठमाडौं | १०२३ | ९८८ | ९८६८७ |
| जेष्ठ नागरिक मिलन केन्द्र- वडा नं-०६, बर्थिङ सेन्टर- वडा नं. ४ र बिपद आकस्मिक आश्रय स्थल | दृष्टि आर्किटेक्ट्स एण्ड इन्जिनियर्स प्रा.लि., कन्चनपुर | १९९८ | १९८८ | १८२९८१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | (सेल्टर रेसिडेन्ट )- वार्ड नं. २ को बिस्तृत अध्ययन प्रतिबेदन | | | | | |
| | | | देखतभुली स्वास्थ्य चौकी भवनको बिस्तृत अध्ययन प्रतिबेदन | एसेन्ट बिल्डर एण्ड कन्सल्टयान्ट प्रा. लि., कैलाली | ९९८ | ९९४ | ७००९६ | |
| | | | लालझाडी गा. पा. बसपार्क + विभिन्न विद्यालयकोलागी क्यान्टिन र चमेनागृह DPR | सार्थक ईन्जिनयरिङ्ग कन्सलटेन्सी प्रा. लि, बानेश्वर काठमाण्डौं | ११९९ | ११९७ | ७६४७६, | |
| | | | विद्यालय भवन डि.पि. आर. ( ४ कोठे दुई तले भवनको नमुना डिजाइन, विस्तृत नक्साङकन, लागत तथा दर विश्लेशण | कोमल इन्जिनियरिङ्ग कन्स्ट्रकसन एण्ड कन्सल्ट प्रा. लि., कैलाली | ४९९ | ४९४ | २६०७६ | |
| | | | वडा नं. ४ खेलमैदानको विस्तृत अध्ययन प्रतिवेदन (DPR) | मष्टा मसानी इन्जिनियरिङ सोल्युसन प्रा. लि., ललितपुर | ७९९ | ७९१ | ९६२३२ | |
| १०५ | | | **ठेक्का व्यबस्थापन -** | | | | | |

| | | | | |
|---|---|---|---|---|
| १०५.१ | | | पालिकाबाट प्राप्त जानकारी अनुसार गत बितगमा सम्झौता भई यस बर्ष जिम्मेवारी सरेका र यस बर्ष निर्माण ठेक्का सम्झौता भएका (सिलबन्दी दरभाउ पत्र र बोलपत्र) समेत कुल २४ ठेक्कापट्टा संचालन गरेकोमा १५ सम्पन्न भइ ९ ठेक्का आगामी बर्षका लागि सरेको जानकारी हुन आयो । उल्लेखित परिमाणका ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः | |
| १०५.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौता बमोजिम ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गर्नु पर्दछ । तर सबै ठेक्कामा सो अनुसार गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको सबै ठेक्कामा कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गरी तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| १०५.३ | | | यस पालिकाले निर्माण सम्झौता गरेका ठेक्कामा त्रुटी सुधार गर्ने समय ३६५ दिन (एक बर्ष) दिने गरेको देखिन्छ । सो व्यहोरा अनुसार पालिकाले सुरुमा ठेक्का सम्झौता गर्दा त्रुटी सुधार गर्ने ३६५ दिनको अबधि नै बहाल रहने गरी कार्य सम्पादन जमानत लिए पनि ठेक्काको म्याद थप हुँदा सोही अनुपातमा कायम हुने त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने कार्य सम्पादन जमानत लिने गरेको पाइएन । सबै ठेक्काको सम्झौता अनुसार तोकिएको अबधिसम्म बहाल रहने कार्य सम्पादन जमानत लिने व्यबस्था हुनुपर्दछ । | |
| १०५.४ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| १०५.५ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क (६)मा रहेको छ । यस कार्यालय अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १०५.६ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत गुणस्तर आस्वस्थता योजना Quality Assurance Plan पेश गर्न लगाई गुणस्तर परीक्षण प्रणालीलाई संस्थागत गराउनु पर्ने हुन्छ । पालिकाले निर्माणकार्यको गुणस्तर सुनिश्चितता केही निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री तथा निर्माण कार्यको प्रयोगशाला परीक्षण गराएको देखिए पनि अधिकाँश कामको परिक्षण गराएको पाइएन । यसले गर्दा सबै निर्माण कार्यमा पर्याप्त गुणस्तर कायम भएको छ भनि आश्वस्त हुन सकिने अवस्था छैन । अतः नियमावलीको प्रावधान अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न सबै निर्माण कार्यहरुको गुणस्तर परिक्षणलाई अनिवार्य गराउने तथा गुणस्तर परीक्षणका लागि पालिकाबाटै नमुना लिइ सरकारी निकायबाट गुणस्तर गराई सो को प्रमाण लिने व्यबस्थाको पालना हुनुपर्दछ । | |
| १०५.७ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि सबै ठेक्काको लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । कानुनले तोके अनुसार सबै ठेक्कामा काम सम्पन्न गर्ने समय नखुलाउनु मनासिब देखिएन लागत अनुमान तयार गर्दा नै काम सम्पन्न गर्न लाग्ने समय खुलाउने र ठेक्का सम्झौता गर्दा सोही अनुसारको अवधि राखी काम सम्पन्न गर्ने गराउने व्यवस्था हुनुपर्दछ । | |
| १०५.८ | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार कतिपय ठेक्कामा बीमा गरेको देखिएन भने बीमा गरेकोमा पनि म्याद थप भए अनुसार बीमाको अवधि थप भए गरेको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एवं ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |
| १०५.९ | | | सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । यस पालिकाबाट ठेक्कापट्टा गरीएका सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको देखिन फोटो सहितका प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| १०५.१<br>० | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने उल्लेख छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| १०५.११ | | | भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआवजा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । तर यस पालिकाले लालझाडी न पा को वडा नं ६ को चान्देवामा खानेपानी टैंकी निर्माणका लागि रु.३,५१,३२,५८३।८३ को कबोलमा काम सम्पन्न गर्ने गरी निर्माण गर्ने गरी निर्माण व्बयबसायी श्री भिमेश्वर जयश्री जे भी संग २०८०।३।१९ मा काम सम्पन्न गर्ने गरी २०७८।११।२५ मा ठेक्का सम्झौता भएकोमा निर्माणस्थल बनको क्षेत्रमा परेकोले निर्माणमा कठिनाई भई १७८ मिटर टाडा निर्माण स्थल पुर्याई निर्माण कार्य सुरु गरेकोमा जग प्रयोजनका लागि ३ मिटरसम्म खन्दा पनि बलौटे माटो रहेकोले पानी टैंकी निर्माणमा कठिनाई परेको जानकारी हुन आयो । पालिकाले निर्माण गरिने सबै कार्यको निर्माण स्थल सुनिश्चित गरेरमात्र ठेक्कापट्टा शुरु गर्ने व्यबस्था गर्नुपर्दछ । | |
| १०६ | | | **सामाजिक सुरक्षा वितरण -** | |
| १०६.१ | | | पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत नेपाल बङलादेश बैंकबाट जम्मा रु.४,९७,६१,४०३।०० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:- | |
| १०६.२ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंकमार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के | |

| | | | | |
|---|---|---|---|---|
| | | | कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| १०६.३ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| १०७ | | | अनुगमन तथा सम्परीक्षण -<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६/७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको थियो । बेरुजू लगत तथा संपरीक्षण अभिलेख प्रयोजनका लागि बेरुजु लगत खाता म.ले.प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म.ले.प. फा. नं. ८०५ लगायतका फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन। यस्तो अबस्थामा पालिकाको बेरुजूको लगत तथा सम्परीक्षणको अभिलेख व्यवस्थितरुपमा रहेको छ भनि बिश्वस्त हुने अबस्था रहेन। यसका लागि पालिकाले उक्त फारामहरु प्रयोगमा ल्याई बेरुजू लगत तथा सम्परिक्षणको अभिलेख व्यबस्थितरुपमा राख्ने व्यबस्था गर्नुपर्दछ। | |